नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक बिभाग
(डोलिडार)

# ग्रामीण सडक मर्मत-संभार निर्देशिका
# (RURAL ROAD MAINTENANCE DIRECTIVE)

(नेपाल सरकार मन्त्रिस्तरबाट मिति २०६४/१२/७ मा स्वीकृत)



फाल्गुण २०६४

# भूमिका

यो ग्रामीण सडक मर्मत-संभार निर्देशिका सडक मर्मत – संभार कार्यमा संलग्न हुने कामदार, इलमी एवं प्राविधिकहरु र जि.वि.स.को लागि काम गर्न सजिलो र सरल होस् भन्ने अभिप्रायले तयार गरिएको हो । सर्वप्रथम ग्रामीण सडकको मर्मत तथा संभार कार्यलाई योजनाबद्ध, प्रभावकारी तथा एकरुपता दिने हेतुले यो निर्देशिका तयार गरिएको हो । यस निर्देशिकाले सडक मर्मत–संभार योजना र व्यवस्थापन दुवैपक्षलाई सघाउनेछ र संभार कार्य सम्पन्न गर्ने तर्फ उचित प्राविधिक दिशावोध प्रदान गर्नेछ । यस्तो निर्देशिकाको आवश्यकता जिल्ला ग्रामीण सडक मर्मत तथा संभार कार्यहरुको विविध प्रकार र समय समयमा गरिनु पर्ने मर्मत संभार कार्यलाई सफल र व्यवहारिक बनाउने प्रयासको संदर्भमा महसुस गरिएको हो । यसमा प्रत्येक मर्मत-संभार कार्यलाई उदाहरण सहित निर्देशित गरिएकाले प्रयोगकर्ताले यसलाई प्रभावकारी रुपमा प्रयोग गर्न सल्लाह दिइन्छ । यो निर्देशिकाले मर्मत–संभार सम्वन्धी संस्थापकीय तथा व्यवस्थापकीय पक्षमा आबश्यक ज्ञान, सीप, बुझाई र सिकिएका कुराहरु तथा अनुभवलाई निरन्तरता दिदै सडक–मर्मत कार्य प्रणालीमा सुधार गर्न उचित मद्दत पुऱ्याउने विश्वास लिइएको छ । यो निर्देशिका उपयोग गरी कार्य गर्दा सुधार गरिनुपर्ने भएमा त्यस्तो सल्लाह र सुझावको पनि अपेक्षा राखिएको छ । त्यसैले राम्रो र व्यवहारिक सुझावहरुलाई समावेश गरी बेलाबेलामा यो निर्देशिकाको सुधार गरी समयानुकूल परिमार्जन गर्नुपर्ने हुँदा यसको लागि सम्बन्धित प्रयोगकर्ताबाट सुधार गर्नुपर्ने विषयमा डोलिडारमा लिखित रुपमा सुझाव प्राप्त हुने अपेक्षा गरिन्छ ।

यस निर्देशिकामा ग्रामीण सडकमध्ये पनि खास गरी माटे सडकको मर्मत-संभारमा विषेश जोड दिईएको छ । यस वाहेक नाली सफा राख्ने, घाँस झारपात हटाउने, सडक सतह दुरुस्त र सफा राख्ने, पानीको निकास व्यवस्थापन तथा अरु विविध सडकका संरचनाको रेखदेख, मर्मत सुधार कार्यहरुलाई विभिन्न वर्गीकरण जस्तैः नियमित, पटके, आवधिक, रोकथाम मूलक, आकस्मिक मर्मत-संभारहरुको तौर-तरीका मार्फत के कसरी गरिनुपर्छ भन्ने कुराहरु सामवेश गरिएका छन् । ग्रामीण सडकहरुमा उच्च स्तरको मर्मत-संभारको कार्य गर्न पर्याप्त हुने गरी रकम उपलब्ध नहुने हुँदा मर्मत-संभार कार्यको प्राथमिकता निर्धारण गरेर उपलब्ध श्रोतको अधिकतम उपयोग गर्नुपर्ने हुन्छ । तसर्थ यो निर्देशिका मर्मत संभार योजनाको प्राथमिकता तोक्न र बजेट पद्धतिमा सामयिक सुधार गर्नको लागि समेत उपयोगी हुने विश्वास लिईएको छ ।

ग्रामीण सडक मर्मत-संभार कार्यको लागि व्यवहारिक अनुभवहरुबाट प्राप्त उत्कृष्ट तरीका समेत अवलम्बन हुनेछ भन्ने कुरामा पनि यस निर्देशिकाले जोड दिएको छ । यस बाहेक निर्देशिकाले मर्मत-संभार योजना तर्जुमा गर्ने, मानवीय तथा वित्तीय श्रोत जुटाउने, व्यवस्थापन गर्ने, परिचालन गर्ने र प्राथमिकता तोकी उचित मर्मत-संभार कार्य सञ्चालन गर्न समेत सहयोग पुऱ्याउनेछ । साथै सम्बन्धित जिल्लाका सबै निकाय, समिति, प्रयोगकर्ता, रेखदेखकर्ताहरुलाई यस निर्देशिका उपयोगी हुनेछ भन्ने आशा राख्दै यसको तयारी कार्यमा सहयोग पुऱ्याउने जि.टि.जेड. को ग्रामीण कार्यक्रम नेपाल (RPN), डि.एफ.आई.डी को ग्रामीण पहुँच कार्यक्रम (RAP), एस.डी.सी.को जिल्ला सडक सहयोग कार्यक्रम (DRSP), आयको लागि पूर्वाधार कार्यक्रम (INFRIN) तथा अमेरिकी सहयोग नियोग (USAID) र यो निर्देशिकाको समायोजना र परिमार्जन गर्न सल्लाह दिने ग्रामीण सडक मञ्च (Rural Road Forum),

नेपाल ग्रामीण यातायात तथा विकास मञ्च (Nepal Forum for Rural Transport and Development) लगायतका सबै आयोजनाहरु, मञ्चहरु तथा दातृ संस्थाहरु र यसमा संलग्न सबै प्राविधिक तथा व्यवस्थापन पक्षका प्रतिनिधिहरु प्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

यो निर्देशिकालाई यसरी सफलतापूर्वक तयार गर्न विशेष गरेर GTZ-RPN को प्रेरणा, निरन्तर अग्रसरता, प्रयास, तथ्यांक्ङ संकलन र अमूल्य प्राविधिक सहयोग एवं सक्रिय भूमिकाको लागि डोलिडारको तर्फबाट धन्यबाद दिन चाहन्छु । त्यस्तै स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DoLIDAR) का सहयोगी प्राविधिकहरुबाट यो निर्देशिका तयार गर्न गरिएका अथक प्रयास र कृयाशील संलग्नताको लागि पनि धन्यवाद दिन चाहन्छु ।

यो निर्देशिकाको अन्तिम मस्यौदा माथि स्थानीय विकास मन्त्रालयको तर्फबाट सम्बन्धित सरकारी निकायहरु, विभाग तथा ग्रामीण सडकमा सम्बद्ध अरु केही निकाय र दातृ संस्थाहरु समेतसंग बृहत छलफल गरी यस मस्यौदालाई अझ सुढृद एंब तार्किक रुपले प्रस्तुत गर्न दिनुभएको सुझाबहरु अत्यन्त नै उपयोगी र फलदायी सिद्ध भएकोछ । यसको लागि यस विभाग मन्त्रालय प्रति आभारी छ ।

मन्त्रालय लगायत विभिन्न निकायबाट प्रापत सुझाब एवं परिवर्तित सन्दर्भमा यस निर्देशिकालाई अन्तिम रुप दिन एशियाली विकास बैंकको प्राविधिक सहयोग अन्तर्गत कार्यरत मर्मत संभार विशेषज्ञलाई विषेश धन्यवाद दिदै यसको प्रथम संस्करण प्रकाशन गर्न सहयोग प्रदान गर्ने डि.एफ.आई.डी को RAP-PMU लाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस ग्रामीण सडक मर्मत-संभार निर्देशिका सबै प्रयोगकर्ताहरुको लागि अत्यन्त उपयोगी, महत्वपूर्ण र सहयोगीसिद्ध हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

**धन बहादुर तामाङ्ग**
**महा-निर्देशक**
**डोलिडार**

# विषय-सूची


| क्र.सं. | | पाना नं. |
|---|---|---|
| १ | **परिचय** | १ |
| १.१ | निर्देशिकाको आवश्यकता | १ |
| १.२ | निर्देशिकाको उद्देश्य | २ |
| १.३ | निर्देशिकाको प्रयोगकर्ता | २ |
| १.४ | निर्देशिकाका मुख्य विषयवस्तुहरु | २ |
| १.५ | निर्देशिकाको सीमा | ३ |
| १.६ | निर्देशिका परिमार्जनको प्रक्रिया | ३ |
| १.७ | निर्देशिका लेखन र तयारी | ३ |
| २ | **ग्रामीण सडक तथा मर्मत-संभारको पहिचान** | ४ |
| २.१ | ग्रामीण सडक परिभाषा | ४ |
| २.२ | ग्रामीण सडक वर्गीकरण | ४ |
| २.३ | मर्मत-संभारको उद्देश्य | ५ |
| २.४ | मर्मत-संभारको प्रकार | ६ |
| २.४.१ | नियमित मर्मत-संभार (Routine Maintenance) | ६ |
| २.४.२ | पटके मर्मत-संभार (Recurrent Maintenance) | ६ |
| २.४.३ | आवधिक मर्मत-संभार (Periodic Maintenance) | ७ |
| २.४.४ | आकस्मिक मर्मत-संभार (Emergency Maintenance) | ७ |
| २.४.५ | रोकथाममूलक मर्मत-संभार (Preventive Maintenance) | ७ |
| २.५ | ग्रामीण सडक मर्मत संभार क्रियाकलापहरुको प्राथमिकता क्रम (Priority of Maintenance Activities) | ८ |
| ३ | **मर्मत-संभारका लागि श्रोत परिचालन** | ९ |
| ३.१ | मर्मत-संभार विशेष कोष | ९ |
| ३.१.१ | कोष सञ्चालन कार्यविधि | ९ |
| ३.२ | जिल्ला ग्रामीण सडक मर्मत-संभार कोष (DRRMF) | ९ |
| ३.२.१ | मर्मत-संभारको लागि रकमको निकासा | १० |

| | | |
|---|---|---|
| ३.३ | जिल्ला ग्रामीण सडक मर्मत-संभार कोषका लागि आर्थिक श्रोतहरु | १० |
| ३.३.१ | नेपाल सरकारबाट विनियोजित बार्षिक बजेट | ११ |
| ३.३.२ | जिल्ला विकास समितिबाट प्राप्त हुने श्रोत | ११ |
| ३.३.३ | नगरपालिका/गा.वि.स.बाट प्राप्त हुने श्रोत | ११ |
| ३.३.४ | सडक बोर्ड नेपालबाट प्राप्त हुने श्रोत | ११ |
| ३.३.५ | विभिन्न ग्रामीण सडक निर्माण योजनाहरुबाट प्राप्त हुने श्रोत | ११ |
| ३.३.६ | अन्य विविध श्रोतहरु | १२ |
| **४** | **मर्मत-संभार योजना तर्जुमा तथा कार्यान्वयन** | **१३** |
| ४.१ | परिचय | १३ |
| ४.२ | सडकको भौतिक अवस्था (Physical Status) को लगत विबरण (Inventory) तयारी | १४ |
| ४.३ | मर्मत-संभार गर्नुपर्ने कार्यको लेखाजोखा, सर्वेक्षण तथा प्रारम्भिक लागत तयारी | १४ |
| ४.४ | मर्मत-संभारका लागि सडकहरुको प्राथमिकता निर्धारण | १४ |
| ४.५ | बार्षिक सडक मर्मत-संभार योजना तयारी | १५ |
| ४.६ | मर्मत-संभार कार्यको कार्यान्वयन व्यवस्थापन | १५ |
| ४.६.१ | कार्यान्वयन व्यवस्था | १५ |
| ४.६.२ | कार्यान्वयन अवधारणा | १५ |
| ४.६.३ | कार्यान्वयन प्रक्रिया | १६ |
| ४.६.३.१ | अमानत (सोझै कामदार नियुक्ति गरिने) प्रक्रिया | १६ |
| ४.६.३.२ | उपभोक्ता समिति मार्फत कामदार समूहद्धारा गराउने प्रक्रिया | १६ |
| ४.६.३.३ | स्थानीय ठेकेदार वा व्यक्ति मार्फत ठेक्कामा काम गराउने प्रक्रिया | १६ |
| ४.६.४ | मर्मत-संभार योजना कार्यान्वयन कार्यान्वयन र जिम्मेवार निकाय तालिका | १७ |
| **५** | **सूचना प्रणाली र मर्मत-संभार अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन** | **१९** |
| ५.१ | ग्रामीण यातायात व्यवस्थापन सूचना प्रणाली (RTMIS) | १९ |
| ५.२ | मर्मत-सम्भार क्रियाकलापहरुको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन | २० |
| **६** | **संस्थागत तथा नीतिगत व्यवस्था** | **२१** |
| ६.१ | भूमिका | २१ |
| ६.२ | ग्रामीण सडक मर्मत-संभार गर्ने प्रतिवद्धता | २१ |

६.३ जिल्ला ग्रामीण सडक मर्मत-संभार समिति (DRRMC) २१
६.४ सडक मर्मत-संभार उपभोक्ता समिति २२
६.५ सडक मर्मत-संभार सम्बन्धी नीति तथा कार्यनीति २३
६.५.१ सडक मर्मत-संभार तथा व्यवस्थापनको जिम्मेवारी २३
६.५.२ मर्मत-संभार तथा सञ्चालन व्यवस्थापन सम्बन्धी नीति नियमहरु २३
६.५.३ मर्मत-संभारको लागि अवलम्बन गर्नुपर्ने समय तालिका २४
६.५.४ मर्मत-संभार कार्य कार्यान्वयन सम्बन्धी व्यवस्था २४
६.५.५ प्राविधिक जनशक्तिको व्यवस्था २५
६.५.६ तालिम र जनजागरण २५
६.६ सडक मर्मत-संभार सम्बन्धी कार्य योजना २६
६.७ सडक मर्मत-संभार उपभोक्ता समितिको कोष स्थापना २७

**परिशिष्टहरु**

क. ग्रामीण सडकहरुको बर्गिकरण २८
ख. ग्रामीण सडकका “डिजाईन गुणस्तरमान (Rural Road Design Standards) ३०
ग. विभिन्न सडक सतहहरुमा गरिने मर्मत- संभार क्रियाकलापहरु ३२
घ. सडक मर्मत-संभारको लागि केन्द्रीय स्तरबाट श्रोत प्राप्त गर्न जिल्ला विकास समितिहरुले पुरा गर्नुपर्ने मापदण्डहरु ३३
ङ मर्मत-संभार सम्बन्धी बैठक राख्ने, छलफल गर्ने र निर्णय गर्ने तरिका ३४
च. मर्मत-संभारको लागि सडकको स्थिति विबरण (नमुना) ३६
छ. ग्रामीण सडक मर्मत-संभारको लागि प्राथमिकीकरण तथा अनुमानित लागत तालिका ३७
ज. सडक मर्मत-संभार उपभोक्ता समितिको विधानको नमूना ३८
झ. मर्मत-संभारको लागि विभिन्न निकायहरुको भूमिका ५१
सन्दर्भ सामग्री ५५
संक्षिप्त रुप र आद्याक्षरी शब्दहरु ५६

# १. परिचय

## १.१ निर्देशिकाको आवश्यकता

नेपालमा हाल २२,००० कि.मि.भन्दा बढी ग्रामीण सडकहरु रहेकोमा सो मध्ये करिव १०,००० कि.मि. ग्रामीण सडक मात्र सवारी साधन चल्न योग्य भएको पाइन्छ । ग्रामीण सडकको लम्वाई तथा संजालमा भएको वृद्धिले मर्मत तथा संभारको आवश्यकतालाई प्रष्ट्याएको छ । लगानीको अधिकतम प्रतिफल हासिल गर्न, यातायात खर्च न्यूनतम् राख्न, सडकको दीर्घकालीन प्रयोग बढाउन तथा भरपर्दो यातायात सेवा उपलव्ध गराउनको लागि योजनावद्ध मर्मत तथा संभार कार्य लागू गर्नु पर्ने टड्कारो आवश्यकता छ ।

विगत केही वर्षदेखि ग्रामीण सडकको मर्मत-संभार स्थानीय निकायहरु मार्फत हुने गरेको छ । ग्रामीण सडक मर्मत–संभार राष्ट्रिय योजना, २०५६ ले केही हदसम्म मर्मत–संभार सम्बन्धी जानकारी दिए तापनि स्थानीय निकायहरुबाट ग्रामीण सडक मर्मत-संभार कार्यहरु योजनावद्ध, प्रभावकारी तथा समान ढङ्गले संचालन हुन सकिरहेका छैनन् ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०७ (१) (२) र मा जिल्ला विकास समितिहरुलाई जिल्ला विकास योजना तर्जूमा र सञ्चालन गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोग र नेपाल सरकारको सम्बन्धित मन्त्रालयले समय समयमा आवश्यक निर्देशन दिन सक्ने र सो बमोजिम दिएको निर्देशन जिल्ला विकास समितिले पालना गर्नुपर्ने प्रावधान रहेको छ ।

नेपाल सरकारबाट पारित भै लागु भैरहेको ग्रामीण सडक मर्मत संभार राष्ट्रिय योजना, २०५६ मा उक्त योजना सुचारु रुपले संचालन गर्ने प्रयोजनका लागि विस्तृत निर्देशिका तयार पारी नेपाल सरकारबाट स्विकृत गराई लागु गर्ने भनी उल्लेख भएको छ । नेपाल सरकारको स्थानीय पूर्वाधार विकास नीति, २०६१ को दफा ७.३ संस्थागत ब्यवस्था भए अनुसार केन्द्रीय तथा स्थानीय निकायहरुको भूमिका अन्तर्गत केन्द्रीय निकायको भूमिकामा स्थानीय विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) जस्ता केन्द्रीय स्तरका निकायले स्थानीय स्तरमा सम्पन्न गरिने पूर्वाधार विकास कार्यक्रमका लागि आबश्यक नर्मस्, निर्देशिका, स्पेसिफिकेशन, वातावरण तथा सामाजिक अध्ययन निर्देशिका तयार गरी स्थानीय निकायलाई सहयोग गर्नुपर्ने प्रावधान रहेको छ । सोही नीति अनुसार नेपाल सरकार (स्थानीय विकास मन्त्रालय) बाट पारित स्थानीय पूर्वाधार विकासको रणनीतिक कार्ययोजना, २०६४ को दफा ७.१ उपदफा ७.१.२ स्थानीय सडकः रणनीतिक कार्ययोजना अनुसार डोलिडार लगायतका केन्द्रीय निकायले गुणस्तरीय स्थानीय सडक विकासको लागि आबश्यक कार्यविधि/मार्गदर्शन/निर्देशिका तयारी एवं अद्यावधिक गरी स्थानीय निकायलाई सहयोग गर्नुपर्ने जिम्मेवारी सहित तोकिएको छ ।

त्यसर्थः नेपाल सरकारबाट पारित उल्लेखित ग्रामीण सडक मर्मत संभार राष्ट्रिय योजना, २०५६, स्थानीय पूर्वाधार विकास नीति, २०६१ तथा स्थानीय पूर्वाधार विकासको रणनीतिक कार्ययोजना, २०६४ मा भएको प्रावधान एवं स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०७ को उपदफा (१) र (२) अनुसार स्थानीय स्तरमा ग्रामीण सडकहरुको मर्मत-संभार कार्यलाई संस्थागत रुपमै योजनावद्ध एवं प्रभावकारी ढङ्गले संचालन गर्न केही प्राविधिक पक्षलाई समेत समेटी सबै जिल्ला विकास समितिहरुले पालना गर्ने गरी स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) बाट यो निर्देशिका तयार भै स्थानीय विकास मन्त्रालयबाट स्वीकृत गरी लागु गरिएको छ ।

## १.२ निर्देशिकाको उद्देश्य

यस निर्देशिकाको प्रमुख उद्देश्य देशव्यापी रुपमा स्थानीय निकायहरु र ग्रामीण सडकसंग सम्बन्धित अन्य संस्था तथा समुदायहरुलाई प्रभावकारी तथा योजनाबद्ध रुपमा ग्रामीण सडकको मर्मत-संभार गर्ने प्रणालीको विकास होस् भन्ने हो । यस निर्देशिकाको प्रयोगबाट स्थानीय निकायहरुमा मर्मत तथा संभार कार्यको योजना बनाउन, प्राथमिकताका आधारमा कार्यान्वयन गर्न तथा लागत खर्चको अनुमान गर्ने प्रकियामा एकरुपता आउने अपेक्षा गरिएको छ । यस बाहेक यो निर्देशिकाको उद्देश्यहरु तल उल्लेख गरिएका छन् ।

- स्थानीय निकायहरुमा ग्रामीण सडक मर्मत–संभार कोषको लागि नेपाल सरकार, स्थानीय निकायहरु, सडक वोर्ड नेपाल एवं अन्य श्रोतहरुबाट प्राप्त हुने श्रोतलाई व्यवस्थित तरीकाले संचालन गर्ने,
- स्थानीय निकायहरु र सम्बद्ध समूहहरुसंग सहभागिता तथा समन्वय गरी स्थानीय श्रोत परिचालन गर्न मद्दत पुरयाउने,
- ग्रामीण सडकहरुमा गर्नुपर्ने मर्मत कार्यहरुको पहिचान तथा प्राथमिकता निर्धारण गरी वार्षिक जिल्ला ग्रामीण सडक मर्मत-संभार कार्यक्रम तयार गर्न सघाउ पुरयाउने,
- मर्मत कार्यको अनुगमन र निरीक्षण गर्ने जस्ता कामहरु सम्पादन गर्नका लागि सरलता ल्याउने, सुव्यबस्थित गर्ने, र
- सबै स्थानीय निकायहरुमा मर्मत – संभार कोषको स्थापना र संचालन प्रकृयामा एकरुपता ल्याउने ।

## १.३ निर्देशिकाका प्रयोगकर्ता

स्थानीय स्तरमा ग्रामीण सडकहरुको मर्मत-संभार कार्यलाई संस्थागत रुपमै योजनावद्ध एवं प्रभावकारी ढङ्गले संचालन गर्न एक उपयुक्त निर्देशिकाको आबश्यकता महसुस भए अनुसार सबै स्थानीय निकाय - जि.वि.स. तथा गा.वि.स) हरुको लागि यो निर्देशिका तयार गरी लागु गरिएको हो । अतः सवै जिल्ला विकास समितिहरु, गाँउ विकास समितिहरु, ग्रामीण सडकसंग सम्वन्धित अन्य निकायहरु, जिल्ला ग्रामीण सडक मर्मत–संभार समितिहरु, ठेकेदारहरु, पेशेवर प्राविधिकहरु र उपभोक्ता समुदायहरु यस निर्देशिकाका प्रयोगकर्ता हुनेछन् । साथै ग्रामीण परिवेश भै ग्रामीण सडकहरु समेत रहेका नगरपालिकाहरुले समेत यस निर्देशिकालाई मार्गदर्शनको रुपमा प्रयोग गर्न सक्नेछन् ।

## १.४ निर्देशिकाका मुख्य विषयवस्तुहरु

यस निर्देशिकामा ६ परिच्छेदहरु रहेका छन् ।

१. परिचय
२. ग्रामीण सडक तथा मर्मत-संभारको पहिचान
३. मर्मत-संभारका लागि श्रोत परिचालन
४. मर्मत–संभार योजना तर्जुमा तथा कार्यान्वयन
५. सूचना प्रणाली र मर्मत–संभार अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन
६. संस्थागत तथा नीतिगत व्यवस्था

यस अतिरिक्त निर्देशिकामा नौ वटा सम्वन्धित परिशिष्टहरु समेत समेटिएका छन् ।

## १.५ निर्देशिकाको सीमा

यो निर्देशिकामा सडक मर्मत–संभार सम्वन्धी संस्थापकीय तथा व्यबस्थापकीय बिषयमा बढी जोड दिईएको र मर्मत–संभारका प्राविधिक पक्षहरुमा समेत केही मार्गदर्शन (Guide) गर्ने भएता पनि कुनै पनि योजना बनाउन तथा कार्यान्वयन गर्न यस निर्देशिकाको अतिरिक्त अन्य उपलब्ध नीतिगत सामग्रीहरु जस्तैः ग्रामीण सडक मर्मत–संभार राष्ट्रिय योजना, २०५६, स्थानीय पूर्वाधार विकास नीति, २०६१, स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ (संशोधन सहित) तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को समेत उपयोग गर्नुपर्ने हुन्छ ।

यस निर्देशिकालाई मूल आधार बनाई कार्यस्थलमा संबन्धित प्राविधिक तथा सडक संभारकर्ताहरुलाई उपयोगी हुनेगरी ग्रामीण सडक मर्मत–संभार हातेपुस्तिका (Rural Road Maintenance Handbook) समेत तयार गरी लागू गरिने छ ।

## १.६ निर्देशिका परिमार्जनको प्रकृया

२०६४ सालमा प्रथम पटक प्रकाशित यो निर्देशिकाको व्यवहारिक प्रयोग पश्चात यसका प्रयोगकर्ताहरुबाट यसमा आबश्यकता अनुसार थपघट गर्नु पर्ने विषयहरुका सम्बन्धमा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ले समय समयमा राय सुझावहरु प्राप्त गरी यस निर्देशिकालाई समयानुकुल परिमार्जन गर्दै लगिनेछ ।

## १.७ निर्देशिका लेखन र तयारी

यो निर्देशिकाको प्रारम्भिक लेखन जर्मन प्राविधिक सहयोग (GTZ) को ग्रामीण कार्यक्रम नेपाल (RPN) ले गरेको हो । यसमा ग्रामीण पहुंच कार्यक्रम (RAP), अमेरिकी सहयोग नियोग (USAID), जिल्ला सडक सहयोग कार्यक्रम (DRSP), आयका लागि पूर्वाधार कार्यक्रम (INFRIN), ग्रामीण सडक मंच (RRF) र नेपाल ग्रामीण यातायात विकास मंच (NFRTD) वाट प्राप्त राय सुझावहरु समायोजन गरी तयार गरिएको मसौदा उपर स्थानीय विकास मन्त्रालयबाट प्राप्त सुझाब र डोलिडारद्धारा आयोजित निर्देशिका Finalization Workshop को निश्कर्ष समेतको आधारमा यसलाई अन्तिम रुप दिईएको हो ।

# २. ग्रामीण सडक तथा मर्मत–संभारको पहिचान

सडक निर्माणमा ठूलो पूँजीगत लगानी गरिएको हुन्छ । त्यसैले सवारी संचालन लागतमा प्रभावकारी रुपमा कमी ल्याउन, सडकको स्तर-ह्रासको गतिलाई न्यूनीकरण गरी सडकको आयु लम्ब्याउन र सुरक्षित तथा भरपर्दो यातायात सेवाको सुविधा उपलब्ध गराउन उपयुक्त मर्मत–संभारको व्यवस्था गर्नुपर्ने हुन्छ । सडकको मर्मत–संभार भन्नाले सडक एवं सडकसंग आबद्ध भौतिक संरचनाहरुको नियमित, प्रभावकारी र दिगो संचालन एंब उपयोगका लागि गरिनु पर्ने क्रियाकलापहरुलाई जनाउँछ ।

## २.१ ग्रामीण सडक- परिभाषा

मर्मत–संभार प्रयोजनको लागि स्थानीय निकायको अधिकारभित्र रहेको र स्थानीय निकायबाटै संचालन एवं मर्मत–संभार गरिने मोटर बाटो (Motorable Road) तथा कृषि सडकलाई ग्रामीण सडकको रुपमा लिईएको छ । सडक सतहको आधारमा ग्रामीण सडक माटे (Earthen), खण्डास्मित (Gravelled Road) अथवा कालोपत्रे (Black Topped) हुन सक्ने छन् । जिल्लाभित्रका स्थानीय निकाय बाहेक अन्य निकाय ( सडक विभाग, सिंचाइ विभाग, विद्युत प्राधिकरण, नेपाली सेना आदि) ले बनाएका सडकहरु स्थानीय निकायमा हस्तान्तरण नभएसम्म ग्रामीण सडकभित्र पर्ने छैनन् ।

## २.२ ग्रामीण सडक- वर्गीकरण

ग्रामीण सडकलाई निम्न अनुसार वर्गीकरण गरिएको छ ।

- <u>सेवा सुविधाको आधारमा</u>

क) सर्वयाम (बाह्र महिने) सडक (All Weather Road) – वर्षभरि संचालन हुन सक्ने सडक
ख) सुख्खायाम सडक (Fair Weather Road) – सुख्खायाममा मात्र संचालन हुन सक्ने सडक

- <u>सडक सतहको आधारमा</u>

क) माटे वा धूले सडक (Earthen Road)
ख) खण्डास्मित सडक (Gravelled Road)
ग) कालोपत्रे सडक (Black Topped Road)

- <u>सडकको महत्वको आधारमा</u>

क) ग्रामीण सडक “क”श्रेणी (जिल्ला सडक/ District Road, RRA)
ख) ग्रामीण सडक “ख” श्रेणी (गाउँस्तरीय सडक /Village Road, RRB)
ग) ग्रामीण सडक “ग” श्रेणी (मूलबाटो /Main Trail, RRC)
घ) ग्रामीण सडक “घ” श्रेणी (स्थानीय बाटो /Village Trail, RRD)
ङ) ग्रामीण सडक “ङ” श्रेणी (रज्जु मार्ग /Rope Way, RRE)

- <u>मर्मत–संभारको योग्यताको आधारमा:</u>

क) मर्मत–संभार योग्य सडक (Maintainable Road)
ख) मर्मत–संभार अयोग्य सडक (Non-maintainable Road)

| |
|---|
| ग्रामीण सडकहरुको वर्गीकरण परिशिष्ट 'क' मा तथा ग्रामीण सडकका डिजाइन गुणस्तरमान (Design Standards) परिशिष्ट 'ख' मा समावेश गरिएको छ । |

## २.३ मर्मत–संभारको उद्देश्य

सडकको दीर्घकालीन उपयोग एवं वातावरणीय प्रभावबाट सडक सतह बिग्रने (Road Surface Deterioration) र सडक निर्माण सामग्रीको क्षय (Loss of Road Materials) को दोहोरो असरलाई कम गरी सडकलाई उपयोग योग्य अवस्थामा राख्न सडक मर्मत–संभार गरिन्छ ।

निम्न लिखित उद्देश्यहरु प्राप्तिका लागि सडकको मर्मत–संभार कार्य गर्नुपर्दछ ।

- **सडक सेवालाई सुचारु राख्न:**
  सडकलाई उचित मर्मत–संभार गरी सवारी साधनहरु चल्न बाधा अड्चन नहुने स्थितिमा राख्नुपर्दछ ।

- **सवारी संचालन खर्च र यात्रा समय घटाउन:** (Reduction in Transportation Cost & Travel Time)
  राम्रोसंग मर्मत–संभार गरिएको सडकमा गाडी गुड्न सजिलो हुन्छ । अप्ठ्यारो र बिग्रेको सडकमा गाडीका पाटपूर्जा बढी बिग्रने, ईन्धन बढी खर्च हुने र टायर समेत चाँडै खिइने गर्दछ । राम्रोसंग मर्मत–संभार गरिएको सडकले एक ठाँउबाट अर्को ठाँउसम्म यात्रा गर्न लाग्ने समय (Travel Time) र संचालन खर्च घटाउन मद्दत पुऱ्याउनुका साथै यात्रा आरामदायी पनि हुन्छ ।

- **दुर्घटनाको सम्भावना घटाउन:**
  मर्मत–संभारको अभावमा सडकको चौडाई साँघुरिने र सडक छेउका पाखाहरु भत्कनाले सवारी संचालनमा असुविधा भई दुर्घटना हुने संम्भावना बढी हुन्छ । राम्रोसंग मर्मत–संभार गरिएको सडकमा यस्तो समस्या रहँदैन र दुर्घटना हुने संम्भावना कम हुन्छ ।

- **बढी खर्चिलो र जटिल मर्मत कार्यको आबश्यकता कम गर्न:**
  नियमित रुपमा स-साना मर्मत-संभारका कार्यहरु गर्दै गएमा सडकलाई जटील प्रकारका क्षतिहरुबाट बचाउन सकिन्छ जसबाट एकै पटक धेरै खर्च लाग्ने मर्मत-संभार तथा पुन:निर्माणको आबश्यकता लाई कम गर्न सकिन्छ ।

- **सडकको दीर्घकालीन प्रयोग सुनिश्चित गर्न र सडक सम्पत्तिको संरक्षण गर्न:**
  उचित मर्मत–संभार गरिएको सडकको आयु बढ्न जाने हुँदा लगानीको अधिकतम प्रतिफल प्राप्त हुनको साथै सडक सम्पत्तिको संरक्षण (Preservation of Road Assets) मा सहयोग पुऱ्याउँछ ।

- **सामाजिक तथा आर्थिक उपलब्धिको निरन्तरता:**

  सुदृढ ग्रामीण पहुँचबाट प्राप्त हुने सामाजिक एवं आर्थिक उपलब्धिहरुलाई निरन्तरता प्राप्त हुन्छ ।

## २.४ मर्मत–संभारका प्रकार

विद्यमान हावापानी, सवारी-साधनको प्रकार, सवारीको भार तथा चाप, इञ्जिनियरिङ्ग डिजाईन, सडक निर्माणको गुणस्तर र सडक सतहको प्रकार (माटे, खण्डास्मित, कालो पत्रे) आदिले सडक मर्मत–संभार कार्य गर्ने उपयुक्त समय, मर्मत - सम्भारको प्रकार तथा आवश्यक बजेट निर्धारण गर्दछन् ।

ग्रामीण सडकमा निम्न पाँच प्रकारका मर्मत–संभार कार्यहरु गरिन्छन् ।

- नियमित मर्मत–संभार (Routine Maintenance)
- पटके मर्मत–संभार (Recurrent Maintenance)
- आवधिक मर्मत–संभार (Periodic Maintenance)
- रोकथाममूलक मर्मत–संभार (Preventive Maintenance)
- आकस्मिक मर्मत–संभार (Emergency Maintenance)

सडकको मर्मत-संभार संबन्धी क्रियाकलाप निर्माण अवधि सम्पन्न भएपछि मात्र शुरु गरिन्छ । निर्माण चरणको अवधिमा गरिने रोकथाममूलक तथा अन्य आबश्यक मर्मत-संभार सडक निर्माणकै हिस्साको रुपमा लिईन्छ ।

पुनर्स्थापना तथा स्तरोन्नति कार्य (Rehabilitation and Upgrading Works) मर्मत–संभार कार्य नभएकोले यस्ता कार्यहरु यस निर्देशिकाको दायरा भित्र पर्दैनन् । अत: ती कार्यहरु छुट्टै बजेट शीर्षक अन्तर्गत सम्पन्न गरिनु पर्दछ ।

### २.४.१ नियमित मर्मत–संभार (Routine Maintenance)

नियमित मर्मत–संभार अन्तर्गत सबै सडकमा बाह्रै महिना गर्नुपर्ने सानातिना मर्मतका कार्यहरु पर्दछन् । नियमित रुपमा गरिनुपर्ने साधारण प्रकृतिका मर्मत–संभार कार्यहरु विशेषगरी पूर्व अनुमान तथा लेखाजोखा नगरी गर्नु पर्ने र निश्चित प्रकृतिका हुन्छन् । सडकलाई उपयुक्त स्वरुपमा राख्न र स्तर ह्रास हुनबाट बचाई राख्न गरिने नियमित कार्यहरु यस भित्र पर्दछन् । साधारणतया यसमा दक्ष जनशक्तिको आवश्यकता पर्दैन । निश्चित खर्च (Fixed cost) लाग्ने यो कार्य साधारणतया उपभोक्ता समितिहरु मार्फत सडक संभारकर्ता (Length Person) हरुबाट गराउनुपर्दछ ।

### २.४.२ पटके मर्मत–संभार (Recurrent Maintenance)

बर्षको विभिन्न समयमा गर्नुपर्ने तर नियमित मर्मत-संभार भित्र नपर्ने साना संभार कार्यहरु पटके मर्मत–संभार अन्तर्गत पर्दछन् । सवारीको प्रकार तथा चाप र बर्षाको कारणले सडकमा भएका र हुन सक्ने क्षतिबाट सडकलाई बचाउन वर्षमा पटक पटक (२,३ पटक) गर्नुपर्ने संभार कार्यलाई पटके मर्मत–संभार कार्य भनिन्छ । यस्तो कार्यमा प्राय: दक्ष श्रमिकहरुको समेत आवश्यकता पर्दछ । मर्मत–संभारका काम गराउनु भन्दा पहिले नै यस्ता कार्यको पहिचान र लागत ईस्टिमेट तयार पार्नुपर्दछ ।

### २.४.३ आवधिक मर्मत–संभार (Periodic Maintenance)

केही बर्ष बिराएर गर्नुपर्ने ठूला मर्मत–संभार कार्यहरु यस अन्तर्गत पर्दछन् । नियमित तथा पटके मर्मत–संभार कार्यबाट मात्र सडकलाई दुरुस्त अवस्थामा राख्न सधैं संभव नहुने र परिमाणात्मक रुपले बढी कार्य गर्नुपर्ने प्रकृतिका मर्मत–संभार कार्यहरु यस अन्तर्गत पर्दछन् । यस्तो मर्मत–संभार कार्य कालो पत्रे सडकमा ५ देखि ७ बर्षमा, खण्डास्मित सडकमा ३ देखि ५ बर्षमा र माटे सडकमा सडकको अवस्था हेरी २ देखि ३ वर्षमा एक पटक गर्ने गरिन्छ तर केही ग्रामीण सडकहरुमा प्रत्येक बर्ष खासगरी वर्षायाम पछि आवधिक मर्मत-संभार आवश्यक पर्न सक्दछ । यस्तो कार्यमा प्रायः दक्ष श्रमिकहरुको समेत आवश्यकता पर्दछ । मर्मत–संभारका काम गराउनु भन्दा पहिले नै यस्ता कार्यको पहिचान र लागत ईस्टिमेट तयार पार्नुपर्दछ ।

### २.४.४ आकस्मिक मर्मत–संभार (Emergency Maintenance)

अप्रत्यासित रुपले अचानक सडकमा प्राकृतिक तथा दैविक वाधा अडचन आइपरेर आवागमन बन्द भएको अवस्थामा आकस्मिक मर्मत-संभार कार्य गरिन्छ । कुनै प्राकृतिक कारण वा भवितव्यबाट सडकमा अवरोध आएमा वा बन्द भएर सवारी आवागमन हुन नसकेमा वा सडकलाई हानि नोक्सानी हुने खतरा उत्पन्न भएमा यथाशीघ्र सडक खोल्ने र अवरुद्ध भएको यातायातलाई संञ्चालन गर्न तथा सडकलाई थप हानि नोक्सानीबाट जोगाउन तुरुन्तातुरुन्तै गरिने मर्मत–संभारलाई आकस्मिक मर्मत–संभार भनिन्छ ।

आकस्मिक मर्मत–संभारको काम समाप्त भएपछि क्षतिग्रस्त सडकलाई दुरुस्त पहिलेकै अवस्थामा लैजाने कार्य यस शीर्षकमा पर्दैन ।

### २.४.५ रोकथाममूलक मर्मत–संभार (Preventive Maintenance)

भविष्यमा हुन सक्ने संभावित क्षतिबाट सडकलाई बचाएर राख्न र पुनर्स्थापना कार्यको आबश्यकताबाट बचाउन तथा पर सार्न सडक क्षेत्र (Right of Way) को सुरक्षाको लागि गरिने मर्मत–संभार सम्बन्धी कार्यहरुलाई रोकथामूलक मर्मत-संभार भनिन्छ । यी कार्य भू-गर्भिक, भौगोलिक तथा वातावरणीय कारणहरुबाट प्रभावित हुन्छन् । यस प्रकारको मर्मत-संभारको लागि समय अन्तराल (Time Interval) तोक्न नसकिने हुँदा उपलब्ध श्रोतले भ्याएसम्म आवश्यक देखिनासाथ कार्यान्वयन गर्ने प्रयास गरिनुपर्दछ ।

| |
|---|
| विभिन्न प्रकारका सडक सतहहरुमा गरिने मर्मत-संभार क्रियाकलापहरुको सूची परिशिष्ट (ग) मा समावेश गरिएको छ । |

## २.५ ग्रामीण सडक मर्मत-संभार क्रियाकलापहरुको प्राथमिकताक्रम (Priority of Maintenance Activities)

ग्रामीण सडक मर्मत-सम्भार गर्दा सबै प्रकारका मर्मत-संभारहरु एकैपटक गर्न आर्थिक दृष्टिकोणले सम्भब नहुने हुँदा उपलब्ध श्रोत तथा साधनको प्रभावकारी उपयोग गर्न तथा सडकको दीर्घकालीन प्रयोग सुनिश्चित गर्न निम्न प्राथमिकताक्रमको आधारमा मर्मत-सम्भार क्रियाकलापहरु सञ्चालन गरिनुपर्दछ ।

१.आकस्मिक मर्मत-संभार (Emergency Maintenance)
२. नियमित मर्मत-संभार (Routine Maintenance)
३. पटके मर्मत-संभार ( Recurrent / Occasional Maintenance)
४. आवधिक मर्मत-संभार ( Periodic Maintenance)

मर्मत-संभार क्रियाकलापहरुमध्ये सडक नाली प्रणाली ( Road Drainage System) को नियमित मर्मत-संभार अन्य सबै मर्मत-संभार कार्यहरुको आधारशीला हो ।

नोटः- रोकथाममूलक मर्मत-संभार (Preventative Maintenance) को लागि समय अन्तराल तोक्न व्यवहारिक नहुने हुँदा प्राथमिकताको क्रममा समावेश गरिएको छैन ।

# ३. मर्मत–संभारका लागि श्रोत परिचालन

## ३.१ मर्मत–संभार विशेष कोष

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम ५४ (ग) बमोजिम जिल्ला विकास समितिमा र सोही नियमावलीको नियम ३३ (ख) बमोजिम नगरपालिकामा मर्मत–संभार विशेष कोषको व्यवस्था गरिएको छ । तसर्थ जिल्ला विकास समिति र नगरपालिकाहरुले सोही बमोजिम कोषको व्यवस्था गरी भौतिक संरचनाको संचालन एवं मर्मत–संभारको कार्यका लागि आवश्यक श्रोत जुटाउनु पर्दछ । उक्त नियमावलीमा उल्लेख नभएता पनि गाउँ विकास समितिमा पनि गाउँ परिष्दको निर्णय अनुसार यस्तै प्रकृतिको एक कोषको व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

जिल्ला विकास समिति र नगरपालिकाहरुले उक्त नियमावलीमा उल्लेख भए बमोजिम प्रत्येक जिल्ला परिषद वा नगर परिषदले आफ्नो आन्तरिक आयवाट यस कोषमा रकम विनियोजन गर्नेछन् । साथै उक्त कोषको दिगोपनाका लागि जिल्ला विकास समिति, नगरपालिका एवं गाउँ विकास समिति समेतले आवश्यकता अनुसार निर्णय गरी देहाय बमोजिमको रकमहरु समेत उक्त कोषमा दाखिला गर्नेछन् ।

- जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको कूल आन्तरिक आयको कम्तीमा ३ प्रतिशतका दरले मर्मत-संभारका लागि छुट्याएको एकमुष्ठ रकम,
- सम्बन्धित स्थानीय निकायले वार्षिक योजना तर्जुमा गर्ने क्रममा आन्तरिक तथा केन्द्रीय अनुदान अन्तर्गत पूर्वाधार विकासका हरेक क्षेत्रको लागि गरिने कूल बार्षिक विनियोजनको २ प्रतिशतमा नघट्ने गरी मर्मत–संभारका लागि छुट्याएको एकमुष्ठ रकम,
- अन्य निकायको सहयोगमा कार्यान्वयन हुने योजनाको हकमा ती निकायले संचालन एवं मर्मत–संभारका लागि उपलब्ध गराएको रकम,
- नेपाल सरकार वा अन्य निकायहरुले उपलब्ध गराएको मर्मत–संभार वापतको एकमुष्ठ रकम, र
- कोषमा जम्मा भएको रकमको उत्पादनमूलक परिचालनद्वारा आर्जित रकम ।

मर्मत-संभार विशेष कोषमा यसरी जम्मा भएको रकम स्थानीय निकायले नेपाल सरकार, सडक बोर्ड नेपाल तथा दातृ निकायहरुबाट संचालित सडक योजनाहरुको मर्मत-संभारको लागि स्थानीय निकायबाट ब्यहोर्नु पर्ने परिपूरक अंशको रुपमा समेत उपयोग गर्न सक्नेछन् ।

### ३.१.१ कोष संचालन कार्यविधि

मर्मत–संभार बिशेष कोषसंग सम्बन्धित आर्थिक व्यवस्थापन कार्य स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ वा सम्बन्धित स्थानीय निकायद्वारा लागू गरिने आर्थिक व्यवस्थापन कार्यविधिमा उल्लेख भए बमोजिम गर्नुपर्नेछ ।

## ३.२ जिल्ला ग्रामीण सडक मर्मत–संभार कोष (DRRMF)

मर्मत–संभार विशेष कोषले जिल्लाका सबै किसिमका पूर्वाधार संरचनाहरु (जस्तै खानेपानी, सिंचाई, सामुदायिक भवन, सडक, गोरेटो, घोरेटो, झोलुङ्गे पुल, साना जलविद्युत आदि समेत) लाई समेटने हुँदा ग्रामीण सडकहरुको मर्मत-संभार कार्यको लागि मर्मत–संभार विशेष कोष अर्न्तगत “जिल्ला ग्रामीण सडक मर्मत–संभार कोष” खडा गरिनुपर्दछ ।

यस कोषका लागि ३.३ मा उल्लेख गरिएका श्रोतहरुबाट आर्थिक श्रोत जुटाइने छ।

जिल्ला ग्रामीण सडक मर्मत–संभार कोष (जि.ग्रा.स.म.सं.कोष) मा स्थानीय निकायहरुले व्यहोर्नुपर्ने योगदान र नेपाल सरकारले व्यहोर्ने परिपूरक योगदानको रकम रहने छ। स्थानीय निकायहरुले व्यहोर्नु पर्ने योगदान अंश स्वायत्त शासन ऐन, २०५५ को प्रावधान अनुसार जिविस/गाविसले उठाएको रकम, जिविस/गाविसले आफ्नो श्रोतबाट गर्ने लगानी, लाभग्राहीहरु (Beneficiaries) बाट प्राप्त हुने अंश, गैरसरकारी संघ/संस्थाहरुको लगानी अथवा केन्द्रीय अनुदानको रुपमा प्राप्त हुने रकम बाट व्यहोरिने छ।

वार्षिक मर्मत–संभार कार्यक्रम सम्बन्धित निकायबाट स्वीकृत भइसकेपछि संबन्धित जिल्ला विकास समितिहरुले स्थानीय निकायहरुले व्यहोर्नुपर्ने योगदान बापतको अंश ग्रामीण सडक मर्मत–संभार कोषमा जम्मा गरिनेछ। यसरी जम्मा गरिएको योगदान अंशको आधारमा नेपाल सरकारले व्यहोर्नुपर्ने योगदान अंश संबन्धित जि.ग्रा.स.म.सं.कोषमा निकासा गर्ने व्यवस्था मिलाउनु पर्छ।

> नेपाल सरकारको परिपूरक योगदान निकासाको लागि प्रत्येक जिल्ला विकास समितिले परिशिष्ट “घ” मा उल्लेख गरिएका आधारभूत तयारी तथा मापदण्ड पूरा गर्नुपर्नेछ।

### ३.२.१ मर्मत–संभारको लागि रकमको निकासा

ग्रामीण सडकको दिगो मर्मत–संभार तथा संचालनको लागि स्थानीय स्तरमा ग्रामीण सडक मर्मत–संभार उपभोक्ता समितिको गठन गरिएको हुनुपर्दछ। यस समितिको आधिकारिक बिधान तथा कार्यविधि बनाई मर्मत–संभारको व्यवस्थाका विविध पक्ष लगायत मर्मत–संभार संम्बन्धी बैठक, छलफल र निर्णय गरिने व्यवस्था पनि हुनुपर्दछ।

> मर्मत–संभार सम्बन्धी बैठक राख्ने, छलफल गर्ने र निर्णय गर्ने तरिका परिशिष्ट ‘ङ’ मा दिईएको छ।

जिल्लाको कुनै पनि ग्रामीण सडकको लागि ग्रामीण सडक मर्मत–संभार उपभोक्ता समितिको गठन भई जिल्ला स्तरमा दर्ता भएको समितिलाई चाहिने आवश्यक वा स्वीकृत रकम जिल्ला ग्रामीण सडक मर्मत–संभार कोष (DRRMF) बाट जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति (DRRMC) को सिफारिशमा निकासा गर्नुपर्नेछ। ग्रामीण सडक मर्मत–संभार कोषवाट उपलब्ध हुने श्रोत र खर्चको फाँटबारी ग्रामीण सडक मर्मत–संभार उपभोक्ता समितिले स्पष्ट हुने गरी अध्यावधिक गरी राख्नु पर्दछ।

ग्रामीण सडक मर्मत–संभार उपभोक्ता समिति गठन सम्बन्धी विस्तृत विवरण परिच्छेद ६: “संस्थागत तथा नीतिगत व्यवस्था” मा दिईएको छ।

## ३.३ जिल्ला ग्रामीण सडक मर्मत-संभार कोषका लागि आर्थिक श्रोतहरु

जिल्ला ग्रामीण सडक मर्मत-संभार कोषका लागि निम्न श्रोतहरुबाट रकम प्राप्त हुनेछ।
३.३.१ नेपाल सरकारबाट विनियोजित बार्षिक बजेट

३.३.२ जिल्ला विकास समिति
३.३.३ नगरपालिका/गा.वि.स.
३.३.४ सडक बोर्ड नेपाल
३.३.५ विभिन्न ग्रामीण सडक निर्माण योजनाहरु:
३.३.६ अन्य विविध श्रोतहरु

## ३.३.१ नेपाल सरकारबाट विनियोजित बार्षिक बजेट

नेपाल सरकारले स्थानीय विकास मन्त्रालय एवं डोलिडार मार्फत ग्रामीण सडक मर्मत-संभार कोष अन्तर्गत प्रत्येक बर्ष बजेट विनियोजन गरेको हुन्छ । जि.वि.स.हरुलाई एकमुष्ठ रुपमा उपलब्ध हुने यो रकम ग्रामीण सडक मर्मत-संभार कोषका लागि एउटा महत्वपूर्ण श्रोत हो ।

## ३.३.२ जिल्ला विकास समितिबाट प्राप्त हुने श्रोत

प्रत्येक जि.वि.स.हरुले स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले दिएको अधिकार प्रयोग गरी स्थानीय कर, सवारी दस्तूर आदिबाट आर्थिक श्रोत जुटाउने गरेका हुन्छन् जसको केही अंश गा.वि.स.हरुलाई समेत अनुदानको रुपमा उपलब्ध गराईएको हुन्छ । जिल्ला विकास समितिको बार्षिक बजेटबाट प्रत्येक वर्ष ग्रामीण सडक मर्मत-संभारका लागि केही रकम विनियोजन गरिनुपर्दछ ।

## ३.३.३ नगरपालिका/गा.वि.स.बाट प्राप्त हुने श्रोत

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले दिएको अधिकार प्रयोग गरी प्रत्येक नगरपालिका/गा.वि.स.हरुले विभिन्न शीर्षक अन्तर्गत स्थानीय कर मार्फत रकमहरु संकलन गरेका हुन्छन् । यसका अतिरिक्त केन्द्रीय स्तरबाट नगरपालिका/गा.वि.स.हरुलाई सोझै अनुदान (Block Grant) बाट समेत रकम प्राप्त भएको हुन्छ । विभिन्न श्रोतहरुबाट प्राप्त नगरपालिका/गा.वि.स.हरुको बार्षिक बजेटबाट ग्रामीण सडक मर्मत-संभारका लागि केही रकम रकम विनियोजन गरिनुपर्दछ ।

## ३.३.४ सडक बोर्ड नेपालबाट प्राप्त हुने श्रोत

ग्रामीण सडक मर्मत–संभार कार्यका लागि सडक बोर्ड नेपालबाट पनि प्रत्येक बर्ष रकम विनियोजन गरिएको हुन्छ । उक्त रकम प्राप्त गर्न बोर्डले तोकेका निश्चित मापदण्ड एवं शर्तहरु पूरा गर्नुपर्दछ ।

ग्रामीण सडक मर्मत-संभारका लागि सडक बोर्ड लगायत अन्य निकायबाट हाल प्राप्त भईरहेको रकम आवश्यकताको तुलनामा न्यून रहेको हुँदा ती निकाय लगायत अन्य स्थानीय श्रोतको समेत अधिकतम परिचालन गरी ग्रामीण सडक मर्मत-संभारको लागि थप श्रोत जुटाउनु पर्दछ ।

## ३.३.५ विभिन्न ग्रामीण सडक निर्माण योजनाहरुबाट प्राप्त हुने श्रोत

जि.वि.स.अन्तर्गत कार्यान्वयन हुने सबै ग्रामीण सडक योजनाहरुमा सडक निर्माण पश्चात सडकको मर्मत-संभार कार्यलाई सुनिश्चित गर्नका लागि निश्चित रकम छुट्याउने गर्नुपर्दछ । यसरी नयाँ सडक निर्माण, पुनस्थापना तथा सडकको स्तरोन्नति गर्दा साधारणतया निर्माण खर्चको ५ % रकम (मर्मत-संभार विशेष कोषमा जम्मा गरिने रकमको अतिरिक्त) मा नघट्ने गरी सडक मर्मत–संभारको लागि छुट्याउने गर्नु पर्दछ । दातृ निकायको सहयोगमा संचालन हुने सडक योजनाको हकमा समेत DRRMF को लागि

उल्लेखित रकम वा आयोजना दस्तावेज (Project Document) मा उल्लेख भए अनुसारको रकम छुट्याईनु पर्दछ ।

ग्रामीण सडकहरुको मर्मत-संभारका लागि स्थानीय निकायको तर्फबाट व्यहोरिनु पर्ने परिपूरक रकमको अंश कम्तीमा १०% हुनु पर्नेछ ।

जिल्ला ग्रामीण सडक मर्मत-संभार कोषमा जम्मा भएको रकम संबन्धित सडककै मर्मत-संभारको लागि उपयोग गर्न प्राथमिकता दिनु पर्नेछ र आबश्यकता अनुसार जि.वि.स.को निर्णयमा अन्य सडकहरुको मर्मत-संभारको लागि समेत उपयोग गर्न सकिनेछ ।


### ३.३.६ अन्य विविध श्रोतहरु

माथि उल्लेख गरेका श्रोतहरुको अतिरिक्त ग्रामीण क्षेत्रमा सक्रिय गै.स.स.(NGOs/INGOs) यातायात व्यवसायमा संलग्न व्यक्ति तथा निकायहरु (Transport Entrepreneurs), प्रत्यक्ष लाभग्राहीहरु आदिबाट समेत सडक मर्मत-संभारका लागि थप श्रोत परिचालन गर्न सकिनेछ ।

# ४. मर्मत–संभार योजना तर्जुमा तथा कार्यान्वयन

## ४.१ परिचय

ग्रामीण सडक मर्मत-संभार योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रस्तुत मर्मत–संभार व्यवस्थापन चक्र (Management Cycle) अनुसार गरिनु पर्दछ ।



## ४.२ सडकको भौतिक अवस्था (Physical Status) को लगत विवरण (Inventory) तयारी

कुनै पनि सडक निर्माण सम्पन्न भइसकेपछि उक्त सडकको अवस्था संबन्धी लगत विवरण तयार गर्नुपर्दछ । एक पटक लगत विवरण बनाइसके पछि पनि प्रत्येक बर्ष त्यसको अध्यावधिक गरिनुपर्दछ ।

| |
|---|
| ग्रामीण सडक लगत विवरणको नमूना परिशिष्ट 'च' मा समावेश गरिएको छ । |

जिल्ला स्तरीय तथा गाऊँ स्तरीय सडकहरुका लगत विवरण अनुसार प्रत्येक सडकको स्थलगत निरीक्षण गरी सडक तथा यसका संरचना (Structures) हरुको वर्णन सहितको स्थिति विबरण (Inventory) तयार गर्नुपर्दछ ।

## ४.३ मर्मत–संभार गर्नु पर्ने कार्यको लेखाजोखा, सर्वेक्षण तथा प्रारम्भिक लागत तयारी

प्रत्येक वर्ष मर्मत–संभार गरिने सडकहरुको निरीक्षण गरी प्रारम्भिक लागत सहितको मर्मत–संभार योजना तर्जुमा गर्नु पर्दछ ।

## ४.४ मर्मत–संभारका लागि सडकहरुको प्राथमिकता निर्धारण

सबै ग्रामीण सडक मर्मत–संभारको लागि पर्याप्त आर्थिक श्रोत उपलब्ध हुने सम्भावना न्यून रहने हुँदा मर्मत–सम्भार कार्य गराउने सडकहरुको प्राथमिकता निर्धारण गर्नु पर्दछ । मर्मत–संभारको प्राथमिकता निर्धारण गर्दा मर्मत–संभार समयमा नगरिएमा हुनसक्ने संभावित क्षतिको समेत लेखाजोखा गरी सोको आधारमा गरिनु पर्दछ ।

मर्मत–संभार कार्यको लागि केन्द्रीय निकाय जस्तैः सडक बोर्ड नेपाल, बाट रकम प्राप्त गर्न निर्धारित प्रावधान अनुसार प्रथमिकता निर्धारण तथा अन्य मापदण्ड पूरा गर्नुपर्नेछ ।

मर्मत–संभार गरिने सडकहरुको प्राथमिकता निर्धारण जिल्ला स्तरीय र केन्द्र स्तरीय गरी दुई चरणमा गरिनेछ । जिल्ला स्तरमा प्राथमिकता निर्धारण गरी बार्षिक सडक मर्मत–संभार योजना (ARMP) तथा वार्षिक कार्य योजना (YPO) तयार गर्नु पर्नेछ । सबै जिल्लाहरुबाट प्राप्त बार्षिक सडक मर्मत–संभार योजनाहरुलाई एकीकृत गरी उपलब्ध श्रोत अनुसार प्राथमिकताको आधारमा केन्द्रीय स्तरमा डोलिडारले एकीकृत वार्षिक सडक मर्मत–संभार योजना (IARMP) तयार गर्नेछ ।

मर्मत–संभार कार्यको लागि सडकहरुको प्राथमिकता निम्नानुसार निर्धारण गरिने छन् :

| जिल्ला स्तरीय | केन्द्र स्तरीय |
|---|---|
| ⇨ सडकको अवस्था | ● जिल्लाबाट निर्धारण गरिएको प्राथमिकता |
| ⇨ यातायातको चाप (Traffic Volume) | ● जिल्लाको कार्यान्वयन क्षमता |
| ⇨ जिल्लाको प्राथमिकता | ● जिल्लाको गरिवी तथा पछ्यौटेपनको स्थिति |
| ⇨ रणनीतिक महत्व | ● लाभान्वित जनसंख्या |

ग्रामीण सडक मर्मत–संभारका लागि प्राथमिकीकरण तथा अनुमानित लागत तालिका परिशिष्ट 'छ' मा समावेश गरिएको छ ।

मर्मत–संभार गरिने सडकको छनौट भइसकेपछि उक्त सडकमा कार्यान्वयन गरिने मर्मत–संभारका क्रियाकलापहरुको प्राथमिकता निर्धारण परिच्छेद २.५ अनुसार गरिनेछ ।

## ४.५ वार्षिक सडक मर्मत–संभार योजना तयारी

प्रत्येक वर्ष मर्मत–संभारका कार्यहरुको लागि सडक तथा आबश्यक मर्मत संबन्धी कार्यसूची तयार गरी बार्षिक मर्मत-संभार योजनामा समावेश गर्नुपर्दछ । मर्मत–संभार योजना तयार गर्दा विशेष गरेर सम्भाव्य पहिरो क्षेत्र ( Landslide Prone Area) तथा अन्य जोखिमपूर्ण स्थानहरुको उल्लेख गरिनुपर्दछ र त्यस्ता ठाउँहरुमा मर्मत–संभार गर्दा विशेष सावधानी अपनाउनु पर्दछ ।

बार्षिक सडक मर्मत–संभार योजना स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम जिल्ला परिषदबाट स्वीकृत गर्नु पर्नेछ र सोको जानकारी डोलिडारमा समेत पठाउनुपर्ने छ । केन्द्रीय स्तरबाट निर्धारित मापदण्ड अनुसार ग्रामीण सडक मर्मत-संभारको लागि बजेट विनियोजन हुन सक्नेछ । त्यसरी मर्मत-संभारको लागि केन्द्रीय स्तरबाट प्राप्त हुने रकम निर्धारित मार्गदर्शन अनुसार खर्च गरी सोको प्रतिवेदन नियमित रुपमा संबन्धित निकाय/डोलिडारमा पठाउनु पर्नेछ । संबन्धित स्थानीय निकायबाट नियमित रुपमा प्रतिवेदन प्राप्त नभएमा उक्त निकायको लागि केन्द्रीय स्तरबाट विनियोजित भएको रकमको निकासा नगर्न तथा निकासा भै सकेको भए सो रोक्का राख्न तथा फिर्ता लिन समेत सकिनेछ ।

## ४.६ मर्मत–संभार कार्यको कार्यान्वयन व्यवस्थापन

मर्मत–संभार कार्य अघि बढाउनु अघि कार्यान्वयन व्यवस्था, कार्यान्वयन अवधारणा तथा कार्यान्वयन प्रक्रियाको चयन गरी सम्बन्धित निकाय वा समितिबाट स्वीकृति लिनुपर्नेछ ।

### ४.६.१ कार्यान्वयन व्यवस्था

सडक मर्मत–संभार कार्य केन्द्रीकृत अथवा विकेन्द्रित, श्रमप्रधान अथवा पूँजीप्रधान, कामदारलाई सोझै प्रयोग गरी वा उपभोक्ता समितिको माध्यमबाट अथवा स्थानीय संगठन वा व्यक्तिलाई ठेक्का दिएर गराउने भन्ने बिषयमा जिल्ला ग्रामीण सडक मर्मत–संभार समितिले तय गरे अनुसार हुनेछ ।

### ४.६.२ कार्यान्वयन अवधारणा ( Implementation Approach)

ग्रामीण सडक मर्मत–संभार कार्य स्थानीय पूर्वाधार विकास नीति, २०६१ (Local Infrastructure Development Policy, 2061) को नीति अनुरुप श्रममूलक, स्थानीय श्रोतमुखी, वातावरणमैत्री प्रविधि प्रयोग गरी नेपाल सरकारको विकेन्द्रीकरण तथा सहभागितात्मक विकासको अवधारणा एवं हरित सडक अवधारणा समेत अवलम्वन गरी कार्यान्वयन गरिनेछ ।

### ४.६.३ कार्यान्वयन प्रक्रिया (Implementation Modality)

उपलब्ध श्रमशक्ति, वस्तु तथा साधन, विकास कार्यमा उपभोक्ताहरुको सहभागिताको तत्परता आदि कुराहरुलाई मध्यनजर गर्दै स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को परिधिभित्र रही तल उल्लेखित कुनै पनि प्रकृयाद्वारा ग्रामीण सडकको मर्मत–संभार कार्य कार्यान्वयन गराउन सकिनेछ । उल्लेखित कुनै पनि प्रकृयाहरु अवलम्बन गर्दा मर्मत–संभार गर्ने कामदारहरुको सुरक्षा (Insurance) को व्यवस्था कार्यान्वयन गर्ने निकायले गर्नुपर्नेछ ।

#### ४.६.३.१ अमानत (सोझै कामदार नियुक्ति गरिने) प्रक्रिया

यस प्रक्रियामा कार्यान्वयन गर्ने निकायले आफ्नै साधन (Equipment) प्रयोग गरी स्थायी वा अस्थायी रुपमा सोझै कामदारको व्यवस्था गरी गराईनेछ । साधारणतया नियमित मर्मत–संभार कार्यका लागि यो प्रक्रिया अपनाईनेछ ।

#### ४.६.३.२ उपभोक्ता समिति मार्फत कामदार समूहद्धारा गराउने प्रक्रिया

यस प्रक्रिया अन्तर्गत जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालयको प्राविधिक सहयोगमा ग्रामीण सडक मर्मत–संभार उपभोक्ता समिति मार्फत स्थानीय कामदार समूह (लाभग्राही वा उपभोक्ता समुदाय) लाई परिचालन गरी काम गराइन्छ र सम्पन्न कामको आधारमा भुक्तानी गरिन्छ । साधारणतया सडकको नजिकै बसोबास गर्ने कामदार समुहलाई सडक मर्मत–संभारको जिम्मा दिइनुपर्दछ । उपभोक्ता समितिलाई सहभागी गराउने प्रक्रियामा स्थानीय योगदानको रुपमा रकम जुटाउन नसकिने स्थानमा श्रमदानको रुपमा समेत जनसहभागिता जुटाउन सकिनेछ । साधारणतया नियमित र पटके मर्मत–संभार कार्यको लागि र कामको प्रकृति हेरी अन्य मर्मत–संभार कार्यका लागि समेत यो प्रक्रिया अपनाउन सकिने छ ।

#### ४.६.३.३ स्थानीय ठेकेदार वा व्यक्ति मार्फत ठेक्कामा काम गराउने प्रक्रिया

सडक संभारकर्ता (Length Person) वा कामदार समूह (Workers Group) बाट सम्पन्न गर्न सम्भव नभएका तथा प्राविधिक दृष्टिले जटिल एवं मेशिनरीको उपयोग आबश्यक पर्ने मर्मत-संभार कार्य मात्र ठेकेदारहरु मार्फत गराईनेछ । साधारणतया आवधिक मर्मत–संभार कार्य तथा पुनर्स्थापना जस्ता ठूला प्रकृतिका कार्य गर्नका लागि यो प्रक्रिया अपनाईनेछ ।

## ४.६.४ मर्मत–संभार योजना कार्यान्वयन र जिम्मेवार निकाय तालिका

| क्र.स. | कार्य विवरण | क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | **योजना तर्जुमा** | • विद्यमान ग्रामीण सडकहरुको सूची तयार गर्ने<br>• जिल्ला यातायात गुरु योजना तयार गर्ने<br>• आवश्यक मर्मत–संभार कार्य तथा सडकहरुको पहिचान गर्ने | जिल्ला विकास समिति<br>जिल्ला विकास समिति<br>जिल्ला विकास समिति |
| २. | **कार्यक्रम बनाउने र प्राथमिकता तोक्ने** | • निश्चित आधार अपनाई सडकहरुको प्राथमिकता निर्धारण<br>• डिजाईन र लागत अनुमान सहित जिल्लाको वार्षिक सडक मर्मत–संभार योजना (ARMP) बनाउने<br>• सडक मर्मत-संभार योजना स्वीकृत गर्ने<br>• स्थानीय निकायले व्यहोर्ने पूरक श्रोतको व्यवस्थापन गर्ने प्रतिबद्धता<br>• परिषदबाट पारित मर्मत–संभार योजना जानकारीको लागि विभागमा पठाउने<br>• एकीकृत वार्षिक सडक मर्मत-संभार योजना (IARMP) तयार गर्ने | जिल्ला विकास समिति<br>जिल्ला विकास समिति<br>जिल्ला परिषद्<br>जिल्ला विकास समिति<br>जिल्ला विकास समिति<br>स्था.पू.वि. तथा कृ.स.वि. /स्था.वि.म./रा.यो.आ. |
| ३. | **राजस्व परिचालन र वित्तीय व्यवस्थापन** | • स्थानीय जिम्मेवार निकायहरु बीच समन्वय तथा स्थानीय श्रोत परिचालन गर्ने<br>• जि.ग्रा.स.म.स.कोष (DRRMF) स्थापना तथा सोको बैंक खाता खोल्ने<br>• स्थानीय निकायले व्यहोर्ने अंश खातामा जम्मा गर्ने | जिल्ला विकास समिति<br>जिल्ला विकास समिति<br>जिल्ला विकास समिति |
| ४. | **बजेट व्यवस्थापन** | • आन्तरिक श्रोत र केन्द्रबाट प्राप्त हुने श्रोतबाट संचालन हुने मर्मत-संभार योजनाको लागि वार्षिक बजेट विनियोजन गर्ने<br>• मर्मत-संभारको लागि केन्द्रबाट उपलब्ध गराईने श्रोतको निर्धारित मापदण्ड अनुसार बाँडफाँड गर्ने | जि.वि.स./न.पा.<br>स्था.पू.वि. तथा कृ.स.वि./ स्था.वि.म./रा.यो.आ. |
| ५. | **सडक मर्मत–संभार तयारी कार्य** | • कार्य परिमाण (BoQ), स्पेसिफिकेसन, कार्यसूची तयार<br>• श्रम तथा सामान आपूर्तिको समय तालिका बनाउने<br>• मर्मत-संभार उपभोक्ता समितिको गठन तथा दर्ता | जिल्ला विकास समिति<br>जिल्ला विकास समिति<br>जि.वि.स./ उपभोक्ता समिति |
| ६. | **कार्यान्वयन व्यवस्थापन** | • कार्य खरिद (उपभोक्ता समिति वा ठेक्का पट्टा)<br>• सामान तथा सेवा खरिद<br>• अनुगमन तथा मूल्याङ्कन<br>• भुक्तानी<br>• कार्य सम्पादन मूल्याङ्कन | जिल्ला विकास समिति<br>जिल्ला विकास समिति<br>जिल्ला विकास समिति<br>जि.वि.स./उपभोक्तासमिति<br>जि.वि.स./डोलिडार |
| ७. | **प्राविधिक सुपरिवेक्षण** | • प्राविधिक कर्मचारी तोक्ने<br>• प्राविधिक निर्देशन तथा सहयोग<br>• सुपरिवेक्षण/गुणस्तर नियन्त्रण<br>• कार्यमूल्याङ्कन | जि.वि.स./ जि.प्रा.का.<br>जि.वि.स./ जि.प्रा.का.<br>जि.वि.स./ जि.प्रा.का.<br>जि.वि.स./ जि.प्रा.का. |

| क्र. स. | कार्य विवरण | क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|---|
| ८ | **मर्मत–संभार कार्य कार्यान्वयन** | • सामान तथा साधन उपलब्ध गराउने<br><br>• मर्मत-संभार कार्य गर्ने<br><br>• स्थानीय विवाद समाधान | जि.वि.स. ⁄ उपभोक्ता समिति ⁄ ठेकेदार<br>कामदार ⁄ कामदार समूह ⁄ ठेकेदार<br>कामदार समूह ⁄ उपभोक्ता समिति |
| ९ | **प्रशिक्षण** | • तालिम आवश्यकताको पहिचान गर्ने<br>• स्थानीय उपभोक्ता अभिमुखीकरण कार्यक्रम संचालन गर्ने<br>• स्थानीय ठेकेदारको लागि तालिम संचालन गर्ने<br>• प्राविधिकलाई तालिम संचालन गर्ने<br>• कार्यशाला गोष्ठी तथा अवलोकन भ्रमण | जिविस ⁄ डोलिडार<br>जिविस ⁄ डोलिडार<br>जिविस ⁄ डोलिडार<br>जिविस ⁄ डोलिडार<br>जिविस ⁄ डोलिडार |
| १०. | **प्राविधिक तथा व्यवस्थापकीय सहयोग** | • जिविसलाई प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराउने<br>• नीति निर्माण तथा तिनको कार्यान्वयनमा सहयोग गर्ने<br>• जिविसलाई आर्थिक श्रोत उपलब्ध गराउन सहयोग गर्ने | जि.प्रा.का. ⁄ डोलिडार<br>डोलिडार ⁄ स्था.वि.म.<br>स्था.वि.म. ⁄ डोलिडार<br>स्था.वि.म. ⁄ डोलिडार |
| ११. | **अनुगमन तथा मूल्याङ्कन** | • वा.स.म.स.यो. (ARMP) को पुनरावलोकन, अडिटिङ्ग तथा रिपोर्टिङ्ग गर्ने<br>• वा.म.स.यो.को अनुगमन तथा आवधिक पुनरावलोकन गर्ने<br><br>• कार्यसम्पादन मूल्याङ्कन अध्ययन | जिल्ला विकास समिति<br><br>डोलिडार ⁄ सडक बोर्ड ⁄ स्था.वि.म.<br>डोलिडार ⁄ स्था.वि.म. ⁄ रा.यो. आ. |
| १२ | **सडक उपयोग नियमन गर्ने** | • ग्रामीण यातायातको सही उपयोग र व्यवस्थापनको लागि नियम, निर्देशिका, मार्गदर्शन बनाई कार्यान्वयन गर्ने<br><br>• ग्रामीण यातायात पद्धतिको संचालन र नियन्त्रण गर्ने | जि.वि.स. ⁄ डोलिडार ⁄ स्था.वि.म.<br><br>जि.वि.स |

# ५. सूचना प्रणाली र मर्मत-संभार अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

## ५.१ ग्रामीण यातायात व्यवस्थापन सूचना प्रणाली (RTMIS)

ग्रामीण यातायात पूर्वाधारहरुको निर्माण तथा मर्मत-संभार कार्यहरुको उचित व्यवस्थापनका लागि डोलिडारमा कम्प्यूटरमा आधारित केन्द्रीय तथ्यांक प्रणालीको व्यवस्था गरिने छ । ग्रामीण यातायात अर्न्तगतका ग्रामीण सडकहरु, मूल बाटोहरु, झोलुङ्गे पुलहरु, पुल पुलेसा, कल्भर्टहरु, कजवेहरु इत्यादिको लगत र भौतिक अवस्थाको बिवरण यस "ग्रामीण यातायात व्यवस्थापन सूचना प्रणाली" (RTMIS) मा अध्यावधिक गरी राखिने छ ।

यो पद्धतिको प्रयोगबाट निम्न तथ्यांकहरु उपलब्ध हुनेछन् :

- ग्रामीण सडकहरुको अध्यावधिक विवरण
- ग्रामीण सडकहरुमा बनेका पुलहरु, कल्भर्टहरु, सतह पुलेसा (कजवे) हरु तथा अन्य सडक संरचनाहरुको प्रकार तथा अवस्था
- विद्यमान सडकहरुको लागि पुल, पुलेसाको आबश्यकता तथा संभाव्यस्थलको पहिचान
- मुख्य वा स्थानीय बाटो तथा झोलुङ्गे पुल सम्बन्धी विवरण

यस प्रणालीमा राखिने तथ्यांङ्कहरुको नियमित रुपमा अध्याबधिक गर्न प्रत्येक जिबिसले तोकिएको ढांचामा तथ्याङ्क संकलन गरी यसको प्रतिवेदन वार्षिक रुपमा डोलिडार तथा स्थानीय विकास मन्त्रालयमा पठाउनेछ । तथ्याङ्क संकलन गर्ने क्रममा ग्रामीण यातायात सूचना प्रणालीले र्निदिष्ट गरे अनुसारको सांकेतिक (Coding) प्रणालीलाई अनिवार्य रुपमा पालना गरिनेछ साथै पुल, कलभर्ट र कजवेहरुको लागि पनि कोडिङ्ग प्रणाली प्रयोग गरिनेछ ।

उपलब्ध तथ्याङ्कहरु ग्रामीण सडकहरुको मर्मत–संभार गर्ने क्रममा वार्षिक मर्मत–संभार कार्यक्रम बनाउन र प्राथमिकता निर्धारण गर्नको लागि प्रयोग गरिनेछ ।

| |
|---|
| पहिलो चरणमा १० वटा नमूना जिल्लाहरुको तथ्याङ्क संकलन गरी यस प्रणालीमा राखिएको छ र चरणबद्ध रुपमा सबै जिल्लाहरुमा यस प्रणालीको उपयोग गरी ग्रामीण यातायात संबन्धी विवरणहरु अध्यावधिक गरी राखिने छ । |

## ५.२ मर्मत-संभार कृयाकलापहरुको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

ग्रामीण सडक मर्मत–संभार कार्यकम अर्न्तगतका कियाकलापहरुको निगरानी राख्न, यसबारे निश्चित गरिएको पद्धति र प्रक्रिया अनुशरण भए नभएको सुपरिवेक्षण गर्न स्थानीय ग्रामीण सडक मर्मत–संभार उपभोक्ता समिति, जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति लगायत जि.वि.स.हरुको क्षमताको मूल्यांकन गर्न मर्मत–संभार कार्यको नियमित तथा प्रभावकारी अनुगमन तथा मूल्यांकनको व्यवस्था गरिने छ ।

मर्मत–संभार कार्यको सुपरिवेक्षणमा संलग्न प्राविधिकले दैनिक रुपमा श्रमिक, निर्माण सामाग्री, उपकरण र कार्य उपलब्धिको विवरण तयार गर्नु पर्ने छ ।

प्राविधिक पक्षवाट साईट निरीक्षण र संभार कार्यक्रम कार्यान्वयनको सिलसिलामा संचालित मर्मत -संभार कार्यको प्रगति, प्रभावकारिता र गुणस्तर एवं सडकको समस्यामूलक क्षेत्रको पहिचान सहितको विवरण नियमित रुपमा जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति (DRRMC) तथा जि.वि.स समक्ष पेश गर्नु पर्ने छ ।

जिल्ला ग्रामीण सडक मर्मत–संभार समितिले प्राप्त प्रतिवेदनहरु माथि छलफल र समीक्षा गरी समितिको निर्णय सहितको प्रतिवेदन जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।

जिल्ला विकास समितिले जिल्ला ग्रामीण सडक मर्मत–संभार समितिबाट प्राप्त हुने प्रतिवेदनहरुलाई चौमासिक रुपमा समीक्षा गरी निर्णय सहितको प्रतिवेदन स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) मा पठाउनु पर्नेछ ।

जिल्ला प्राविधिक कार्यालयले समेत संचलित ग्रामीण सडक मर्मत–संभार योजनाहरुको नियमित रुपमा प्राविधिक सुपरिवेक्षण तथा निरीक्षण गरी प्रगति तथा कार्य सम्पन्न प्रतिवेदन जि.वि.स. र डोलिडारमा चौमासिक रुपमा पेश गर्नु पर्ने छ ।

डोलिडारले जिल्लाहरुबाट प्राप्त हुने यस्ता प्रतिवेदनहरुलाई अध्ययन गरी देखिएका नीतिगत तथा प्राविधिक समस्याहरुलाई विभागका तर्फबाट समाधान गर्न प्रयत्नहरु गर्ने र विभागबाट समस्या समाधानका लागि भएका प्रयत्नहरु सहितको प्रतिवेदन चौमासिक रुपमा स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

स्थानीय विकास मन्त्रालयले विभागबाट प्राप्त प्रतिवेदनका आधारमा कार्यक्रम कार्यान्वयनमा देखिएको स्थितिका बारेमा समीक्षा गर्नेछ र आवश्यक निर्देशन डोलिडारलाई दिनेछ । डोलिडारले मन्त्रालयबाट प्राप्त निर्देशन तथा सुझाब राय सल्लाह सहित कार्यान्वयनको लागि जि.वि.स.मा पठाउनेछ । जि.वि.स.ले सो अनुसार कार्यान्वयनको लागि जिल्ला प्राविधिक कार्यालय र जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति ( DRRMC) लाई आवश्यक निर्देशन तथा जानकारी दिनेछ ।

# ६. संस्थागत तथा नीतिगत व्यवस्था

## ६.१ भूमिका

स्थानीय पूर्वाधार विकास नीति, २०६१ मा उल्लेख भएअनुसार उपभोक्ता समिति आफैले मर्मत–संभार गर्ने आयोजना बाहेक स्थानीय निकायले विद्यमान पूर्वाधारहरुको मर्मत–संभारको लागि आवश्यक बजेट व्यवस्था पश्चात् मात्र नयाँ आयोजनाहरुको लागि बजेट बाँडफाडँ गर्नुपर्नेछ । मर्मत–संभारको लागि आवश्यक श्रोतको स्पष्ट पहिचान तथा कार्यान्वयनको उचित बन्दोबस्त नगरी नयाँ आयोजनाहरु सञ्चालन गरिने छैनन् ।

उचित मर्मत–संभार नहुने परिस्थितिमा थप नयाँ सडक निर्माण गर्ने तर्फ सकेसम्म जोड दिनुहुँदैन । केन्द्रीय सरकार वा दातृ संस्थाले सडक बनाइदिएपछि मर्मत–संभार पनि गरिदिन्छ भन्ने सोच नै बदल्नु आवश्यक छ । साथै मर्मत–संभार गर्ने संस्थागत व्यवस्था पनि स्थानीय तहमा नै गरिनु पर्दछ । तसर्थ मर्मत–संभारको जिम्मा लिन स्थानीय स्तरमा संगठित मर्मत–संभार समिति हुनुपर्दछ । यो समितिलाई सडकको हेरचाह गर्न, मर्मत–संभार गर्न र सडकमा आवगमन गर्ने वाहनहरुमा प्रचलित ऐन अनुसार दस्तुर लगाई श्रोत जुटाउने अधिकार दिइनु पर्नेछ ।

## ६.२. ग्रामीण सडक मर्मत-संभार गर्ने प्रतिबद्धता

दातृ संस्थाहरु लगायत अन्य कुनै पनि श्रोतबाट सडक निर्माण कार्य सकिए पछि मर्मत–संभार तथा संचालनको लागि स्थानीय स्तरमै आत्मनिर्भरता हुनु पर्नेछ । सडकको निर्माणाधीन अवस्थामा परिआउने मर्मत–संभार कार्यलाई सडक निर्माण कार्यकै अङ्ग मानी निर्माण कार्य सम्पन्न नहुँदासम्म योजनाबाटै आवश्यक आर्थिक भार वहन गरिने छ । सडकको निर्माण कार्य सम्पन्न भएपछि सडक निर्माणबाट लाभान्वित क्षेत्रका गाविसहरु, जि.वि.स र सडक निर्माण गर्न जिम्मा लिने संगठित उपभोक्ता समूह तथा ग्रामीण समुदायले सडकलाई मर्मत–संभार गरेर सुचारु राख्ने प्रतिबद्धता (Commitment) सहित आबश्यक जिम्मेवारी लिनु पर्नेछ ।

सडक उपभोक्ता समितिहरुले बनाइसकेका सडकहरुको आफैले मर्मत-संभार गर्ने अवधारणाको विकास गर्ने तथा संचालनको लागि आबश्यक ब्यवस्थापन गर्नु पर्दछ । यस्तो अवधारणा विकास गर्न ( स्वावलम्बन/वचत) आय आर्जन समूहहरु (अरु संगठित स्वावलम्बन, ऋण तथा बचत, कृषक, वन, आमा आदि समूहहरु) सँग समेत समन्वय गर्न सकिनेछ ।

ग्रामीण सडकहरुको उचित मर्मत–संभार सहित दिगो उपयोगिता सुनिश्चितताको लागि स्थानीय निकायको आफ्नै श्रोत, नेपाल सरकारको सशर्त तथा निःशर्त अनुदान अन्तर्गत सडक क्षेत्रको लागि बार्षिक रुपमा विनियोजन हुने कूल रकमको कम्तीमा १० प्रतिशत रकम (मर्मत संभार कोषहरुमा जाने रकम बाहेक) सडक मर्मत-संभारको लागि उपयोग गरिनु पर्नेछ ।

## ६.३. जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति (DRRMC)

जिल्ला स्तरमा ग्रामीण सडक मर्मत–संभार कार्यको व्यवस्थापनका लागि जि.वि.स.ले देहाय अनुसारको जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति (DRRMC) को गठन गर्नुपर्नेछ ।

| | |
|---|---|
| १. जिविस सभापति वा निजले तोकेको जि.वि.स.सदस्य | अध्यक्ष |
| २. संयोजक भौतिक पूर्वाधार विकास समिति | सदस्य |
| ३. जिल्ला उद्योग वाणिज्य संघका प्रतिनिधि | सदस्य |
| ४. सम्बन्धित डिभिजन सडक कार्यालयका प्राविधिक प्रतिनिधि | सदस्य |
| ५. जिल्ला भरिका सडक मर्मत– संभार उपभोक्ता समितिमध्येबाट अध्यक्षले तोकेबमोजिम एक जना पुरुष र एक जना महिला प्रतिनिधि | सदस्य |
| ६. जिल्लास्तरीय यातायात व्यवसायीका प्रतिनिधि | सदस्य |
| ७. जिविस सचिव | सदस्य |
| ८. जिल्ला प्राविधिक कार्यालय प्रमुख | सदस्य सचिव |

उक्त जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति (DRRMC) ले निम्नानुसारको कार्य गर्नेछ

- ग्रामीण सडक मर्मत–संभार कोषका लागि स्थानीय श्रोतहरुको पहिचान र परिचालन गर्ने,
- मर्मत–संभार गर्नुपर्ने ग्रामीण सडकहरुको पहिचान पछि निश्चित मापदण्ड अनुसार सडकहरुको प्राथमिकीकरण गर्ने र सिफारिस गर्ने,
- मर्मत–संभारको लागि स्वीकृत योजनाहरुको कार्यान्वयनमा सहयोग गर्ने,
- मर्मत–संभारका लागि संचालनमा रहेका ग्रामीण सडकहरुको नियमित अनुगमन गर्ने,
- मर्मत–संभार सम्बन्धी कार्यान्वयन भइरहेको र संचालनमा रहेका ग्रामीण सडकहरुको सम्वन्धमा कम्तीमा प्रत्येक ४ महिनामा एक पटक बैठक बसी समीक्षा गर्ने र समीक्षा प्रतिवेदन जि.वि.स. मा पेश गर्ने ।

## ६.४ सडक मर्मत-संभार उपभोक्ता समिति

जिल्ला ग्रामीण सडक मर्मत–संभार समितिको अतिरिक्त स्थानीय स्तरमा आयोजनालाई दिगो रुपमा मर्मत-संभार तथा संचालन गर्न प्रत्येक ग्रामीण सडकमा कम्तीमा एउटा “सडक मर्मत–संभार उपभोक्ता समिति” गठन गरिनेछ, । यस समितिले ग्रा.स.म.स. समिति (DRRMC) को निर्देशनमा काम गर्ने छ ।

सडक मर्मत-संभार उपभोक्ता समितिको गठन स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम सडकका प्रत्यक्ष लाभग्राही उपभोक्ताहरुको भेलाबाट गर्नु पर्नेछ । सो समिति सडकले छुने सबै क्षेत्र/गा.वि.स.बाट प्रतिनिधित्व हुने, कुल सदस्यसंख्याको ३३ प्रतिशतमा नघट्ने गरी महिला सदस्य र दलित, आदिवासी र जनजातिको समेत यथोचित प्रतिनिधित्व हुने गरी निम्न अनुसारका पदाधिकारी रहने गरी समावेशी रुपमा गठन गरिनेछ । संबन्धित स्थानीय निकायबाट सो समितिको विधिवत रुपमा सूचीकरण, दर्ता तथा नवीकरण गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | : | |
| उपाध्यक्ष | : | |
| सचिव | : | |
| कोषाध्यक्ष | : | |
| सदस्यहरु | : | ५ देखि ७ जना |
| जम्मा | | ९ देखि ११ जना |

सडक मर्मत-संभार उपभोक्ता समितिले प्रचलित ऐन तथा नियमावली अनुसार स्थानीय निकायको सहमतिमा उपयुक्त विधान बनाई आफ्नो गठन प्रक्रिया, कार्यक्षेत्र तथा कार्यविधिलाई स्पष्ट पार्न सक्नेछ ।

सडक मर्मत-संभार उपभोक्ता समितिको विधानको नमुना परिशिष्ट “ज” मा समावेश गरिएको छ ।

## ६.५ सडक मर्मत-संभार संबन्धी नीति तथा कार्यनीति

### ६.५.१ सडक मर्मत-संभार तथा व्यवस्थापनको जिम्मेवारी

- जिल्ला यातायात गुरुयोजना (DTMP) ले बर्गीकरण गरेको जिल्ला स्तरीय तथा ग्रामीण सडकहरुका लागि यो मर्मत-संभार निर्देशिका लागू हुनेछ ।
- जिल्ला स्तरमा ग्रामीण सडक मर्मत–संभार कार्यको व्यवस्थापनका लागि जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति (DRRMC) को गठन गर्नुपर्नेछ ।
- प्रत्येक ग्रामीण सडकको लागि कम्तीमा एउटा ''सडक मर्मत-संभार उपभोक्ता समिति'' गठन गरी मर्मत संभारको लागि जिम्मेवारी दिइनेछ ।
- जिल्ला ग्रामीण सडक मर्मत–संभार समितिमा सडक मर्मत-संभार उपभोक्ता समिति तथा सडक निर्माण उपभोक्ता समितिहरुबाट पनि  प्रतिनिधिहरु मनोनयन गरिनेछ ।
- सडक मर्मत-संभार उपभोक्ता समितिको गठन समितिको विधान अनुरुप डाकिएको स्थानीय उपभोक्ताहरुको भेलाद्वारा गरिनेछ ।
- सडक मर्मत-संभार उपभोक्ता समितिले आफ्नो कार्यविधि आफै तोक्ने छ तथा सडक मर्मत–संभार उपभोक्ता समिति सम्बन्धित निकायमा दर्ता गरिएको विधान अनुरुप संचालित हुनेछ ।
- ग्रामीण सडक मर्मत–संभार उपभोक्ता समिति मार्फत उपभोक्ता समूहबाट काम गराउने व्यवस्था तथा उक्त समितिको काम, कर्तव्य र अधिकार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार हुनेछ ।

| |
|---|
| सडक मर्मत-संभारसंग संलग्न निकायहरुको भूमिका परिशिष्ट  "झ" मा समावेश गरिएको छ । |

### ६.५.२. मर्मत-संभार तथा संचालन व्यवस्थापन संबन्धी नीति नियमहरु

जिल्ला ग्रामीण सडक मर्मत–संभार कोषको रकम ग्रामीण सडकहरुको मर्मत-संभारमा मात्रै खर्च गर्न पाइनेछ । सडक उपयोग बावत स्था.स्वा.शा.ऐन तथा नियमावली बमोजिम सम्बन्धित स्थानीय निकायवाट निर्णय गराई सवारी साधन कर लागु गर्न सकिनेछ । एम्बुलेन्स र दमकल बाहेक अन्य सबै सवारी साधनले  सवारी कर तिर्नुपर्नेछ ।

ग्रामीण सडकमा सवारी संचालन संबन्धमा निम्न अनुसारको व्यवस्था मिलाईने छ :

- साधारणतया माटे सडकहरुमा संबन्धित स्थानीय निकायले वर्षाद (असार, साउन र भदौ) को समयमा सडकको अवस्था हेरी सडकमा सवारी साधन चलाउन बन्देज लगाउने छ ।
- त्यसैगरी माटे सडकहरुमा ६ टन (गाडीको तौल समेत) भन्दा माथिको गह्रौ सवारी साधनलाई सडकमा चल्न प्रतिबन्ध लगाइनेछ ।
- वर्षामा सडक बन्द गर्नुभन्दा १५ दिन अगाडि नै स.म.स.उ.स.ले स्थानीय निकायको सहमतिमा सडक बन्द गरिने सूचना सार्वजनिक गर्नेछ ।

- सवारी साधनहरु चलाउन रोक लगाइएको समयमा निर्णय विपरीत सवारी चलाउने गाडी धनीहरुलाई स्था.स्वा.शा.ऐ.तथा नियमावलीमा व्यवस्था भए बमोजिम संबन्धित स्थानीय निकायको निर्णय अनुसार जरीवाना तोक्न सकिने छ ।

६.५.३ मर्मत-संभारको लागि अवलम्वन गर्नु पर्ने समय तालिका

- नियमित मर्मत : नियमित मर्मत-संभार बर्षको बाह्रै महिना सञ्चालन गरिनेछ । बर्षादको समयमा नियमित मर्मत-संभारका लागि थप श्रमिकहरुको व्यवस्था गरिनेछ ।
- आकस्मिक मर्मत-संभार : बर्षको कुनै पनि समय र विशेष गरी बर्षादको महिनाहरुमा आबश्यकता अनुसार आकस्मिक मर्मत-संभार कार्य गराईन्छ जसका लागि विगत वर्षहरुको अनुभवलाई समेत ध्यानमा राखी यथेष्ट बजेट व्यवस्था गरिनु पर्दछ ।
- रोकथाममूलक मर्मत-संभारः संभावित जोखिम एवं उपलब्ध श्रोतको आधारमा बर्षको कुनै पनि समय रोकथाममूलक मर्मत-संभार गर्न सकिने छ ।

६.५.४ मर्मत-संभार कार्य कार्यान्वयन संबन्धी व्यवस्था

- ग्रामीण सडक मर्मत-संभार कार्य उपभोक्ता समिति मार्फत गराँउदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ र १५६ अनुसार गराईनुपर्दछ ।
- स.म.स.उ.स.ले निर्णय गरी नियमित मर्मत-संभार (Routine Maintenance) कार्य सडक संभारकर्ता (Length Person) पद्धति वा कामदार समूह (Worker Group) को ब्यवस्था गरी सम्पन्न गर्नेछ । सडकको अवस्था हेरी साधारणतया ३ देखि ५ कि.मी. सडक लम्बाईका लागि एउटा सडक संभारकर्ताको व्यवस्था गर्नु पर्नेछ ।
- नियमित मर्मतका लागि अनुबन्ध गरिएका कामदारहरुको डोर हाजिर फाराम भरी सुपरभाईजर / प्राविधिकको सिफारिसमा स.म.स.उ.स.ले भुक्तानी गर्नेछ ।
- रोकथाममूलक मर्मत-संभार (Preventive Maintenance) कार्य आवश्यक परिमाणका आधारमा ईष्टिमेट तयार गरी कार्यान्वयन गरिनेछ ।
- पटके तथा आवधिक मर्मत-संभार कार्यको लागि समेत स्वीकृत कार्यक्रम अनुसार स्वीकृत लागत ईस्टिमेटको आधारमा स.म.स.उ.स. र जि.वि.स./जि.प्रा.का.विच कार्यान्वयनका लागि सम्झौता गरिनुपर्दछ । स.म.स.उ.स.ले उक्त कार्य कामदार समूह बनाई गराउनेछ र कामको भुक्तानी प्राविधिकको मूल्याङकन अनुसार स.म.स.उ.स.ले गर्नेछ ।
- सडक संभारकर्ता (Length Person) वा कामदार समूह (Building Group) बाट सम्पन्न गर्न सम्भव नभएका तथा प्राविधिक दृष्टिले जटिल एवं मेशिनरीको उपयोग गर्नु पर्ने मर्मत-संभार कार्य मात्र ठेक्कापट्टा प्रक्रियाबाट गराईनेछ ।
- लागत ईष्टिमेट तथा मूल्याङ्कनको लागि दर विश्लेषण गर्दा स्था.पू.वि.तथा कृ.स.वि. (डोलिडार) को नर्मस वा सो मा समावेश नभएका मर्मत-संभार संबन्धी कार्यको हकमा अन्य नर्म्स र सोमा समेत समावेश नभएको हकमा प्रचलित ऐन, नियमावलीमा ब्यवस्था भए अनुसार संबन्धित स्थानीय निकायबाट स्वीकृत नर्म्स अनुसार गर्नु पर्नेछ ।

### ६.५.५ प्राविधिक जनशक्तिको व्यवस्था

सडक मर्मत-संभार कार्यको लागि आवश्यक प्राविधिक जनशक्ति जि. वि. स. अन्तर्गत जिल्ला प्राविधिक कार्यालयबाट उपलब्ध गराउनु पर्नेछ । यसको लागि जि.प्रा.का.ले संबन्धित प्राविधिकहरुलाई जिम्मेवारी सहितनै तोकी खटाउनु पर्नेछ । यसरी जि.वि.स./जि.प्रा.का.बाट आबश्यक प्राविधिक जनशक्ति उपलब्ध हुन नसक्ने अवस्थामा जि.वि.स.को स्वीकृति लिई गा.वि.स. वा संबन्धित उपभोक्ता समिति आफैले प्राविधिक जनशक्तिको ब्यवस्था गरी सेवा लिन सकिनेछ ।

### ६.५.६ तालिम र जनजागरण

स.म.स.उ.स. को माग र आवश्यकता अनुसार जि.वि.स.ले सडक मर्मत-सम्भार सम्वन्धी तालिम उपलब्ध गराउनेछ । स.म.स.उ.स. ले स्थानीय स्तरमा सडक मर्मत-संभार तथा सडकको दिगो उपयोगका लागि जनजागरण अभियान चलाउनेछ ।

## ६.६ सडक मर्मत-संभार सम्वन्धी कार्य योजना

सडक मर्मत-संभार र संचालन संबन्धमा स्पष्ट कार्य तालिका सहितको कार्य योजना बनाई लागू गरिनेछ । जस्को नमूना तल उल्लेख गरे बमोजिम हुनेछ ।

सडकको नाम :........................ग्रामीण सडक

जिल्ला : ............................

सडकको लम्वाई : ...........कि.मी.

सडकले छोएका नगरपालिका/गा.वि.स वडाहरु : ................................................

**कार्यतालिका**

| क्र.सं. | क्रियाकलाप | सम्पन्न गर्ने समय | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|
| १. | सडक मर्मत–संभार उपभोक्ता समिति (समसउस) गठन गर्ने<br>क) उपभोक्ता समूहको भेला बोलाउने<br>ख) स.म.स.उ.स. गठन तथा विधान दर्ता<br>ग.) स.म.स.उ.स. गठनको जानकारी दिन | ......................<br>......................<br>...................... | जि.ग्रा.स.म.स.स./गा.वि.स.<br>उपभोक्ता समूह/उ.स./गा.वि.स.<br>गा.वि.स./उ.स. | |
| २ | समसउस को बैंक खाता खोल्ने र सो बारे जानकारी जि.वि.स., जि. ग्रा.स.म.स.स. र गा.वि.स. लाई दिने | .................... | स.म.स.उ.स./गा.वि.स. | |
| ३ | सडक मर्मत-संभार नीति बनाइ जि.वि.स. बाट अनुमोदन गर्ने | .................... | स.म.स.उ.स., जि.वि.स. | |
| ४ | सवारी करको दर तोक्ने | .................... | स.म.स.उ.स., जि.वि.स. | |
| ५ | नयाँ दर अनुसारको सवारी कर उठाउन सुरु गर्ने | .................... | स.म.स.उ.स. | |
| ६. | कोषको व्यवस्था गर्ने | .................... | जि.वि.स., नगरपालिका, गा.वि.स., स.म.स.उ.स. | |
| ७. | सडक हस्तान्तरण गर्ने<br>क) योजनाको विवरण र हस्तान्तरण फाराम तयार गर्ने<br>ख) योजना हस्तान्तरण गर्ने | निर्माण पूरा भएपछि | जि.वि.स., जि.ग्रा.स.म.स.स., स.म.स.उ.स. | |
| ८. | मर्मत-संभार व्यवस्थापन तालिम दिने | .................... | जि.वि.स., जिल्ला प्राविधिक कार्यालय, आयोजना | |
| ९. | मर्मत-संभार योजना तयार गर्ने | निर्माण पूरा भएपछि | जि.वि.स., जि.ग्रा.स.म.स.स., स.म.स.उ.स. | |

## ६.७ सडक मर्मत-संभार उपभोक्ता समितिको कोष स्थापना

प्रत्येक जि.वि.स.ले “जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति (DRRMC) को पहलमा स्थानीय “सडक मर्मत–संभार उपभोक्ता समिति” द्वारा परिचालन हुने गरी मर्मत–संभार कोष स्थापना गर्नेछ । सो कोषमा जि.वि.स., गा.वि.स.हरु बाट संबन्धित सडक मर्मत-संभारका लागि प्राप्त रकमहरु रहनेछन् । यस अतिरिक्त स्थानीय सडक मर्मत–संभार उपभोक्ता समितिले स्वीकृत बिधान बमोजिम थप श्रोतहरु समेत जुटाई रकम संचय गर्ने र कोषको परिचालन गर्नेछ ।

सडक मर्मत-संभार उपभोक्ता समितिको कोषमा निम्नानुसार रकम जम्मा गरिनेछः

१. सडक मर्मत–संभार उपभोक्ता समितिले जि.वि.स.को स्वीकृत कार्यक्रम अनुसार तोकिएको सडकमा मर्मत-संभारका लागि DRRMF बाट विनियोजन भै प्राप्त हुने रकम
२. संबन्धित सडक मर्मतको लागि जि.वि.स.बाट प्रति कि.मी.प्रति वर्षको हिसाबले उपलव्ध हुने रकम
३. स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार सम्बन्धित निकायको स्वीकृति अनुसार सडक मर्मतको लागि सडकले सेवा प्रदान गर्ने गा.वि.स.हरु (सडकले छुने र नछुने समेत) बाट प्राप्त अनुदान रकम
४. सडकमा गुड्ने सवारी साधनहरुबाट सडक मर्मत-संभारकाको लागि सम्बन्धित निकायको स्वीकृति अनुसार उठाईएको सवारी कर, जरिवाना रकम
५. सडकबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने घर–परिवार एवं अन्य उपभोक्ताहरुबाट प्राप्त नगद वा स्वेच्छिक श्रम वापतको रकम
६. केन्द्रीय स्तरमा नेपाल सरकारको ग्रामीण सडक मर्मत–संभार कोष अन्तर्गत बार्षिक वजेटमै किटान गरिएको रकमबाट तोकिएको सडकमा उपभोक्ता समिति मार्फत मर्मत–संभार कार्यका लागि जि.वि.स.मार्फत उपलब्ध हुने रकम
७ .सडक बोर्ड नेपालबाट तोकिएको सडकको मर्मत-संभारका लागि विनियोजित रकम मध्येबाट उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने कार्यहरुका लागि जि.वि.स. मार्फत प्राप्त हुने रकम
८. अन्य स्थानीय निकाय जस्तैः नगरपालिका तथा गाऊँ विकास समितिवाट संबन्धित सडकको मर्मत-संभारका लागि वार्षिक रुपमा एकमुष्ट वा प्रति कि. मी.को दरबाट प्राप्त हुने अनुदान रकम
९. जि.वि.स.को सहमति अनुसार विभिन्न आयोजनाहरुबाट उपभोक्ता समितिहरु मार्फतनै तोकिएको सडकको मर्मत-संभार कार्यमा प्रयोग गर्ने शर्तमा छुट्याईएको रकम

> उदाहरणको लागि ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (Rural Community Infrastructure Works) तथा विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम (Decentralized Rural Infrastructure and Livelihood Project) अन्तर्गत संचालित ग्रामीण सडकहरुमा मर्मत–संभारको लागि जिल्लास्तरमा एक मर्मत–संभार कोष खडा गर्ने प्रावधान रहेको छ । सो कोषबाट जि.वि.स.को निर्णय अनुसार उपभोक्ता समिति मार्फत  मर्मत-संभार गरिने सडकका लागि स्वीकृत रकमहरु सडक मर्मत-संभार उपभोक्ता समितिको कोषमा जम्मा गरिनुपर्दछ । RCIW आयोजनाको हकमा सम्बन्धित जि.वि.स. तथा गा.वि.स. प्रत्येकले क्रमशः कम्तीमा रु ४०००।- (चार हजार) र रु.२०००।- (दुई हजार) प्रति किलोमीटर प्रति वर्षका दरले निर्माण शुरु भएदेखि नै जि.वि.स.को स्वीकृतिमा जिल्ला ग्रामीण सडक मर्मत-संभार कोष अन्तर्गत स.म.स.उपभोक्ता समितिको खातामा जम्मा गर्दै जाने व्यवस्था गरिएको छ ।

# ग्रामीण सडकहरूको वर्गीकरण

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DoLIDAR) को APPROACH for the Development of Agricultural and Rural Roads, 1999 अनुसार ग्रामीण यातायात संजाललाई निम्न ५ श्रेणीमा वर्गीकरण गरिएका छन् ।

**क. ग्रामीण सडक 'क' श्रेणी (जिल्ला सडक/District Road, RRA)**

सबै प्रकारका ग्रामीण सडकहरु जसले एक वा एक भन्दा बढी मुख्य विस्तार केन्द्र (बजार, पर्यटकीय केन्द्र, उद्योग, आदि) अथवा विभिन्न गा.वि.स.हरुलाई सोही जिल्लाको अथवा छिमेकी जिल्लाको सदरमुकामसँग प्रत्यक्ष रुपले अथवा राष्ट्रिय रणनीतिक सडक संजालसँग जोड्दछ ।

**ख. ग्रामीण सडक 'ख' श्रेणी (गाऊँस्तरयि सडक/Village Road, RRB)**

- सबै ग्रामीण सडकहरु जसले गा.वि.स. केन्द्रलाई निम्न लिखित कुनै एक स्थानसँग जोड्दछ :
  - ⇨ अर्को गा.वि.स. केन्द्र
  - ⇨ राष्ट्रिय रणनीतिक सडक संजाल
  - ⇨ जिल्ला सडक
  - ⇨ सोही जिल्ला वा छिमेकी जिल्लाको मुख्य विस्तार केन्द्र

- सबै कृषि सडकहरु जसले कृषि भूमिलाई साना बजार केन्द्र वा कृषिजन्य उत्पादन केन्द्र (चिनी उद्योग, खाद्य प्रशोधन उद्योग, आदि) लाई जोड्दछ ।

- सबै ग्रामीण सडकहरु जसले एउटा गाउँको विशेष स्थल (नदी घाट, साना बजार केन्द्र, विद्यालय, स्वास्थ चौकी, आवासीय क्षेत्र, सामुदायिक वन, घट्ट, उद्योग, ग्रामीण विद्युत केन्द्र, श्रृखलावद्ध कुवाहरु इत्यादि) लाई निम्न स्थानसँग जोड्दछ :
  - ⇨ गाउँको गा.वि.स केन्द्र
  - ⇨ गा.वि.स. भित्रका अरु ठाउँ
  - ⇨ छिमेकी गा.वि.स.को एक स्थान
  - ⇨ राष्ट्रिय रणनीतिक सडक संजाल
  - ⇨ जिल्ला सडक

**ग. ग्रामीण सडक 'ग' श्रेणी (मूलबाटो/Main Trail, RRC)**

गाडी गुड्न नसक्ने सबै गोरेटो/घोडेटो बाटो जसले एउटा गा.वि.स. केन्द्रलाई, निम्न कुनै एकसँग जोड्दछः

- ⇨ सोही जिल्ला वा छिमेकी जिल्लाको जिल्ला सदरमुकाम

⇨ राष्ट्रिय रणनीतिक सडक संजाल
⇨ जिल्ला सडक
⇨ गाउँ सडक
⇨ सोही जिल्ला वा छिमेकी जिल्लाको एउटा मुख्य विस्तार केन्द्र

घ. **<u>ग्रामीण सडक 'घ' श्रेणी (स्थानीय वाटो/Village Trail, RRD)</u>**

गाडी गुड्न नसक्ने सबै गोरेटो/घोडेटो बाटो जसले गाउँको एक स्थानलाई निम्न कुनै एकसँग जोड्दछ :

⇨ गाउँको गा.वि.स केन्द्र
⇨ गा.वि.स. भित्रका अरु ठाउँ
⇨ छिमेकी गा.वि.स.को कुनै एक ठाउँ
⇨ राष्ट्रिय रणनीतिक सडक संजाल
⇨ गाउँ सडक
⇨ ग्रामीण सडक
⇨ मूल वाटो
⇨ गाउँका अन्य वाटो

ङ. **<u>ग्रामीण सडक 'ङ' श्रेणी (रज्जु मार्ग/Rope Way, RRE)</u>**

उच्च हिमाली तथा पहाडी क्षेत्र, जहाँ मूलवाटो (उपयुक्त चौडाई सहितको) निमार्ण सम्भव छैन, रोपवे (रज्जु मार्ग) उपयुक्त हुन सक्दछ । यस्ता रोपवेहरुको मुख्य उद्देश्य भनेको दैनिक उपभोग्य सामान, इन्धन, मल, कृषि सामग्री र पशुजन्य उत्पादन आदि मुख्य क्षेत्रमा ओसार पसार गर्नु हो, जहाँ उच्च मूल्य फसल उत्पादन गरिन्छ । रोपवे निर्माणको लागि आबश्यक खर्च र बार्षिक मर्मत–संभार खर्चलाई त्यस क्षेत्रमा यसको उपयोगबाट प्राप्त हुने सामाजिक तथा आर्थिक फाइदाहरुबाट मनासिव ठहर्‍याउन सकिन्छ ।

# ग्रामीण सडकका “डिजाइन गुणस्तरमान” (Rural Road Design Standards)

## परिभाषा

**डिजाइन क्षमताः (ग्रामीण सडक ‘क’ तथा ‘ख’ श्रेणीलाई मात्र लागु हुने)**

डिजाइन क्षमता (डिजाइन यातायात चाप, Design Traffic Volume) ले ग्रामीण सडकको श्रेणी निर्धारणमा आधार प्रदान गर्दछ। जोडिएको सडक संजालको स्तरको आधारमा पनि ग्रामीण सडकहरुको श्रेणी निर्धारण गरिन्छ। सडकको सेवा स्तरको सुनिश्चित गर्न सडकमा विद्यमान वा भविष्यमा थपिन सक्ने सवारी चाप अनुसार श्रेणी स्तरोन्नति हुन सक्छ। उदाहरणको लागि, यदि सडकको सवारी चाप उच्च भएको खण्डमा ‘ख’ श्रेणीको सडकलाई ‘क’ श्रेणीमा परिवर्तन गर्नु पर्ने हुन सक्छ।

डिजाईन क्षमताले Lay-byes (Passing Zones) को अन्तराल तय गर्ने आधार समेत प्रदान गर्दछ।

**डिजाइन गतिः (ग्रामीण सडक ‘क’ तथा ‘ख’ श्रेणीलाई मात्र लागु हुने)**

बढी गतिको लागि डिजाइन गरिदा डिजाईन स्टाण्डर्ड पनि सोही अनुसार उच्च हुनुपर्दछ, जसले सडक सुरक्षा, क्षमता, प्रयोगकर्ताहरुलाई सुविधाका साथै यातायात संचालन खर्च कम गर्ने सुनिश्चितता गर्दछ। डिजाइन गतिको छनौट सडकको श्रेणी, सवारीको चाप, उपलब्ध बजेट र भौगोलिक अवस्था, आदिमा भर पर्दछ।

**भौगोलिक अवस्थाः (ग्रामीण सडक ‘क’ ‘ख’ ‘ग’ तथा ‘घ’ श्रेणीलाई मात्र लागु हुने)**

भौगोलिक अवस्था, जहाँवाट ग्रामीण सडक यातायातको मार्ग विस्तार भएर जान्छ, जसले सडकको ज्यामितीय स्टाण्डर्ड (वाहनपथको चौडाई, सडक क्षेत्र, मोडको अर्धब्यास, चढाई, सलामी, पास दिने ठाउँको अन्तराल आदि) को छनौटलाई सिधै असर गर्दछ। भौगोलिक अवस्थामा आधारित तत्वहरु जस्तै दुबै पट्टिका भू-उपयोग, भूमिको उपलब्धता, प्राकृतिक अवरोध (वन, भिराला पहाड, उच्च गतिका पानी बग्ने ठाउँ, सडक नजिकै गरिने धान खेती, जटिल भौगोलिक संरचना इत्यादि) ले सडकको खासगरी ज्यामितीय स्टाण्डर्डमा असर पार्न सक्छ। उदाहरणको लागि पहाडका सडकहरुमा भूमिको सीमित उपलब्धताले गर्दा कष्टप्रद हुन्छ भने तराईका सडकहरुमा यस्तो गाह्रो नहुने हुन्छ।

# ग्रामीण सडकका “डिजाइन गुणस्तरमान” (Rural Road Design Standards)

**डिजाइन गुणस्तरमान : (ग्रामीण सडक ‘क’ ‘ख’ ‘ग’ तथा ‘घ’ श्रेणीका सडकहरुलाई मात्र)**

ग्रामीण यातायात संजाल डिजाइन गर्दा तथा मर्मत–संभार गर्दा तल दिइएका मापदण्डहरुलाई अनुशरण गर्नु पर्ने हुन्छ । (डोलिडार गुणस्तरमान)

| क.स. | डिजाइन पारामीटर | ‘क’ श्रेणी ग्रामीण सडक (जिल्ला सडक) | | ‘ख’ श्रेणी ग्रामीण सडक (गाउँस्तरीय सडक) | | ‘ग श्रेणी ग्रामीण सडक मूलवाटो | ‘घ श्रेणी ग्रामीण सडक (स्थानयि वाटो) |
|---|---|---|---|---|---|---|---|
| | | पहाड | तराई | पहाड | तराई | | |
| १ | डिजाइन क्षमता - दुवै तर्फ गाडी संख्या (इकाई प्रति दिन) | २०० (४००) | ४०० (८००) | १०० (२००) | २०० (४००) | | |
| २ | डिजाइन गति (कि.मी. प्रति घण्टा) | २० | ४० | १५ | ३० | | |
| ३ | सडक क्षेत्र (सडकको केन्द्रबाट दुवै तर्फ) | १० | १० | ७.५ | ७.५ | २.५ | १.५ |
| ४ | सडकको चौडाई (मी.) | ५.० | ६.० | ४.० | ४.५ | २.० | १.२ |
| ५ | वाहन पथको चौडाई (म.) | ३.० | ३.० | ३.० | ३.० | २.० | १.२ |
| ६ | दुवै तर्फका सोल्डरको जम्मा चौडाई (मी.) | १.० | १.५ | ०.५ | ०.७५ | ० | ० |
| ७ | सडकको सतह | ग्राभेल | ग्राभेल | - | - | - | - |
| ८ | मोडको न्यूनतम अर्धव्यास (मी.) | १० | २० | १० | २० | | |
| ९ | अधिकतम औसत चढाई (७५ मी. सम्म) (Max. Average gradient) | ८ | ५ | ८ | ५ | | |
| १० | अधिकतम चढाई (Maximum gradient) | १२ | ७ | १२ | ७ | | |
| ११ | प्रत्येक ५०० मि.को दरले बढ्ने उचाईको लागि लम्बाई तर्फको सजिलो गराउने चडाई % | ०.५० | - | ०.५० | - | | |
| १२ | पहाडी सडकको लागि न्यूनतम चडाई (%) पानी निकासाको लागि (Minimum gradient) | १ | - | १ | - | | |
| १३ | पुलमा अधिकत्तम वाढीको सतहबाट चाहिने खुल्ला भाग (मि.) (Free Board) | ०.५० | ०.५० | ०.५० | ०.५० | ०.५० | ०.५० |
| १४ | रोक्नको लागि चाहिने न्यूनतम दूरी (मी.) | २० | ४० | १५ | ३० | | |
| १५ | बाहन पथको सलामी (Camber) % | ४ | ४ | ५ | ५ | | |
| १६ | सोल्डरको सलामी (Camber) % | ५ | ५ | ५ | ५ | | |
| १७ | कलभर्ट/पुलको वाहनपथको चौडाई (मी.) | ३.० | ३.० | ३.० | ३.० | २.० | १.२ |
| १८ | ले वाई/पास दिने ठाउँको साइज (मी X मी) | ३.० X २० | ३.० X २० | ३.० X २० | ३.० X २० | | |
| १९ | ले वाई/पास दिने ठाउँको अन्तराल (मी) | ३०० | ५०० | ३०० | ५०० | | |
| | माथि स्ट्याण्डर्डमा नदेखिएको निम्न लिखित डिजाइन स्टाण्डर्ड पनि समावेश गरिएका छन् । (सडकको लागि हरित सडक निर्माण गर्ने अवधारणामा तथा ग्रा.सा.पू.वि.का.को अनुभवमा आधारित) | | | | | | |
| १ | वार्षिक औसत दैनिक सवारी साधन संख्या (AADT) | ४० | | २० | | | |
| २ | अधिकतम भारवहन क्षमता (Axle Load) (टन) | ८ | | ६ | | | |
| ३ | २० मि भन्दा कम अर्धव्यासका मोडहरूको अतिरिक्त चौडाई (मी) | २ | | २ | | | |

# विभिन्न सडक सतहहरुमा गरिने मर्मत-संभार क्रियाकलापहरु
# (Maintenance Activities on Different Road Surfaces)

<table>
<tr><th>मर्मत -संभारको प्रकार</th><th>कालो पत्रे सडक (Black Topped Road)</th><th>खण्डास्मित सडक (Gravelled Road)</th><th>माटे सडक (Earthen Road)</th></tr>
<tr><td>नियमित मर्मत -संभार (Routine Maintenance)</td><td colspan="3">• सडक किनाराको ढलको सफाइ, कल्भर्ट सफाइ, पुलको सफाई, ढललाई सामान्य रुपमा फेरबदल गर्ने,<br>• सडक सतह सफा गर्ने,<br>• सडक किनाराको मर्मत सम्भार,<br>• सडक सतह र छेउछाउमा उम्रेको घाँस / झारपात हटाउने,<br>• सामान्य खालको पहिरो वा भूस्वखलन हटाउने,<br>• सडकमा राखिएका अन्य संरचना (Road Furniture) को सफाई गर्ने,</td></tr>
<tr><td rowspan="2">पटके मर्मत -संभार (Recurrent Maintenance)</td><td colspan="3">• नाली मर्मत कार्य<br>• कल्भर्ट, सतह नाली मर्मत कार्य<br>• सडक किनारा मर्मत कार्य<br>• सडकमा राखिएका अन्य संरचना (Road Furniture) को मर्मत कार्य</td></tr>
<tr><td>• पटहोल प्याचिङ (Pot Hole Patching)<br>• क्र्याक सिलिङ (Crack Sealing)<br>• सडक किनारा मर्मत(Edge Repair)</td><td colspan="2">• स्पट ग्राभेलिङ (Spot Gravelling)<br>• ड्रयागिङ (Dragging)<br>• ग्रेडिङ (Grading)</td></tr>
<tr><td>आवधिक मर्मत -संभार (Periodic Maintenance)</td><td>• फग सिल (Fogseal)<br>• स्लरी सिल (Slurry Seal)<br>• सर्फेस ड्रेसिङ (Surface Dressing)<br>• स्याण्ड सिल (Sand Seal)<br>• थिन ओभरले (Thin Overlay)<br>• सडक किनाराको पुनः खण्डास्मित (Regravelling of Shoulders)<br>• सडक रंगरोगन कार्य (Road Markings)</td><td>• सडक पुन ग्राभेलिङ (Regravelling)</td><td></td></tr>
<tr><td>आकस्मिक मर्मत-संभार (Emergency Maintenance)</td><td colspan="3">• आकस्मिक ट्राफिक सञ्चालन व्यवस्थापन<br>• पहिरो / बाढी हटाई अवरुद्ध सडक खोल्ने कार्य<br>• भत्केको इम्बान्कमेण्ट (Embankment) तथा कट स्लोप (Cut Slope) मर्मत कार्य<br>• डाईभर्सन निर्माण<br>• पुल पुलेसाको आकस्मिक मर्मत -संभार</td></tr>
<tr><td>रोकथाममूलक मर्मत-संभार (Preventive Maintenance)</td><td colspan="3">• सडकको स्लोप काटेर मिलाउने (Slope Stabilization)<br>• नदि नियन्त्रण संरचनाहरुको संभार कार्य<br>• झुण्डिएको पहरा/चट्टान हटाउने<br>• जैविक प्रविधि (Bio-Engineering Works) तथा यसको मर्मत-संभार</td></tr>
</table>

# परिशिष्ट- घ

## सडक मर्मत-संभारको लागि केन्द्रीय स्तरबाट श्रोत प्राप्त गर्न जिल्ला विकास समितिहरुले पूरा गर्नुपर्ने मापदण्डहरु

क) जिल्लामा विद्यमान ग्रामीण सडकहरुको स्थिति विबरण (Inventory) तयार गर्नुपर्नेछ ।

ख) जिल्ला यातायात गुरु योजना (District Transport Master Plan, DTMP) तयार गर्ने वा तयार भइसकेको छ भने तोकिएको स्था.पू.वि. तथा कृ.स. विभागको APPROACH for the Development of Agricultural and Rural Roads, 1999 अनुसार त्यसको अध्यावधिक (Update) गर्नुपर्नेछ ।

ग) निम्नअनुसारका विस्तृत विवरण सहित निर्धारित फर्मेटमा वार्षिक मर्मत–संभार योजना (Annual Road Maintenance Plan, ARMP) तयार गरी स्वीकृत गरिसकेको हुनुपर्नेछ ।

- मर्मत–संभार कार्य आवश्यक भएका सडकहरु र मर्मत–संभार कार्यको प्रकार
- मर्मत–संभार कार्यको प्राथमिकता
- सडकको मर्मत–संभार कार्यको डिजाईन तथा लागत अनुमान
- जिल्ला विकास समिति वा जिल्ला प्राविधिक कार्यालय (District Technical Office, DTO) ले गर्ने भए सो मा कार्यरत कर्मचारीहरुको विस्तृत विवरण सहितको जानकारी
- उपलब्ध भौतिक सेवा/सुविधा तथा प्राविधिक श्रोतको जानकारी
- कार्यान्वयन पद्धतिको स्वरुप (Modality of Implementation)
- स्था.पू.वि.तथा कृ.स. विभाग (DOLIDAR) ले तयार गरेको "ग्रामीण सडक मर्मत–संभारका लागि प्राथमिकीकरण अनुमानित लागत तालिका" परिशिष्ट-छ मा देखाइए बमोजिम तयार गर्नुपर्नेछ ।
- मर्मत–संभार कार्य-योजना, आदि ।

घ) स्थानीय योगदानको रुपमा व्यहोरिने अंश, रकमको प्रतिबद्धता र नेपाल सरकारबाट प्राप्त हुने निर्देशिका/ मार्गदर्शन अवलम्बन गर्ने प्रतिबद्धता रहेको हुनु पर्नेछ ।

# मर्मत-संभार सम्बन्धी बैठक राख्ने, छलफल गर्ने र निर्णय गर्ने तरिका

सहभागितात्मक रुपमा सडकको निर्माण तथा मर्मत-संभारका विभिन्न कामहरुका बारेमा निधो गर्दा ग्रामीण जनताले आपसमा सरसल्लाह र छलफल गरेर मात्र गर्नुपर्दछ । यसका लागि समुदाय तथा संबन्धित उपभोक्ताहरुलाई भेला गराउनु पर्दछ । यसरी कुनै विषयमा छलफल गर्न भेला हुनुलाई बैठक भनिन्छ । उपभोक्ता समुहका सदस्यलाई बोलाइएको बैठकलाई उपभोक्ता समूहको बैठक भनिन्छ र सडक मर्मत–संभार गर्नको लागि बोलाइएको बैठकलाई मर्मत–संभार सम्बन्धी बैठक भनिन्छ ।

**बैठक किन राख्ने ?**

१. मर्मत गर्न लागेको कामको बारेमा बैठकले जानकारी दिन्छ र बैठकमा उपस्थित व्यक्तिहरुले आफ्ना बिचार सबैका सामु राख्ने मौका पाउँदछन् । सबैका बिचार आएमा मर्मत कार्य गर्न र सुधार्न मौका मिल्दछ भने सहभागीहरुलाई पनि ती कामहरु प्रति बढी चासो लिन हौसला बढाउँदछ ।
२. कुनै पनि कामबारे जनताबाट निधो गराउँदा त्यस काम प्रति उनीहरुको विश्वास बढ्दछ र त्यस काममा सहभागिता बढ्दछ । हरेक काम प्रति विश्वास र सहभागिता लिन स्थानीय जनताको बैठक राख्नु पर्दछ ।
३. कुन काम किन र कसरी गरिदैछ भन्ने कुरा राम्ररी नबुझेमा कुनै पनि काममा उपभोक्ताहरु सहभागी बन्दैनन् । बैठकले यस्ता कुरा खुलस्त पार्दछ । त्यसैले जनसहभागिता जुटाउन आय आर्जन समूह, उपभोक्ता समूह वा समितिको बैठक राख्नु जरुरी हुन्छ ।

**बैठक कसरी राख्ने ?**

सडक सम्बन्धी समितिहरु अथवा स्थानीय जनताको बैठक राख्दा तल दिइएका तरीका अपनाउन सकिन्छ ।

१. बैठकमा कुन कुन विषयमा छलफल गर्नु पर्ने हो, बैठक राख्नु भन्दा पहिले निधो हुनु पर्दछ र त्यसको विवरण तयार गर्नु पर्दछ ।
२. बैठकमा भेला हुनु पर्ने सदस्यहरुलाई पायक पर्ने गरी बैठक राख्ने ठाउँ, दिन र समय बारे जानकारी दिनुपर्दछ ।
३. बैठकमा भएको छलफल र निर्णयलाई लेख्न छुट्टै बैठक पुस्तिका राख्नु पर्छ ।
४. प्रत्येक बैठकहरुको बैठक नम्बर लेख्ने गर्नु पर्दछ र सबैमा मिति राख्नु पर्दछ ।
५. बैठकमा भेला हुनु पर्ने सदस्यहरुको कोरम (Quoram) पुगेपछि बैठक शुरु गर्नु पर्दछ ।
६. बैठक चलाउनका लागि समितिको अध्यक्षको आदेशानुसार सचिवले जिम्मा लिनु पर्दछ । सडक मर्मत–संभार उपभोक्ता समिति अध्यक्षलाई बैठकको सभापति बनाउनु पर्दछ । सभापतिले बैठकमा उपस्थित सबैलाई आफ्नो राय, विचार राख्ने मौका दिनुपर्दछ ।
७. बैठकको शुरुमा कुन कुन विषयमा के र किन निधो गर्नु पर्‍यो भन्ने बारे भेला भएका सबै सदस्यहरुलाई जानकारी दिनुपर्दछ ।

८. छलफल र निर्णयको लागि एक पटकमा एउटै विषय मात्र पेश गर्नुपर्दछ । यस बारेमा भेला भएका सबै सदस्यहरुको बिचार सुन्न छलफल गराउनु पर्दछ । भेला भएका सदस्यहरुमध्ये बहुमतले जे निधो गर्दछन् त्यसको छलफल र निचोड बैठक-पुस्तिकामा लेख्नु पर्दछ ।
९. छलफलको अन्तमा सबै सहभागी सदस्यहरुलाई बैठक-पुस्तिकामा लेखिएको टिपोट् पढेर सुनाउनु पर्दछ र चित्त बुझेपछि दस्तखत गराउनु पर्दछ । बैठकको टिपोट् कसरी राख्ने भन्ने बारेमा नमूना तल दिइएको छ ।

**बैठकको निर्णयको बैठक-पुस्तिकामा श्रेस्ता राख्ने नमूनाः**

बैठक नं :-

आज मिति ............ साल .......... महिना...... गतेका दिन ....................................सडक मर्मत – संभार उपभोक्ता समितिको अध्यक्ष श्री..................को अध्यक्षतामा बसेको बैठकले निम्न सदस्यहरुको उपस्थितिमा तल दिईएका विषयहरुमाथि छलफल गरी निर्णय गरेको छ ।

| उपस्थित सदस्यहरुको नाम सही:- | आमन्त्रित सहभागीहरुको नाम सही:- |
|---|---|
| १. अध्यक्ष : | १ |
| २. उपाध्यक्ष : | २ |
| ३. सचिव : | ३ |
| ४. कोषाध्यक्ष : | ४ |
| ५. सदस्य : | ५ |
| ६. सदस्य : | ६ |

छलफल भएका विषयहरु :- जस्तै
१. सडकको रेखांकनवारे :
२. जन श्रम जुटाउने वारे ।
३. दातृ संस्थासँग आयोजना सम्बन्धि प्रस्तावको कुरा गर्न प्रतिनिधित्व गर्ने वारे ।

निर्णयहरु :-

१. ग्रामीण जन श्रम जुटाएर सडक मर्मत–संभार गर्ने ।
२. मर्मत–संभारमा संलग्न व्यक्तिलाई खाजा खर्च वापत रु. ५०।- दिने, उक्त रकम समितिको कोषबाट व्योहोर्ने, आदि ।

# मर्मत संभारको लागि सडकको स्थिति विवरण (नमूना)

| | | | | |
|---|---|---|---|---|
| सडकको नाम | लम्बाई कि.मि. | खण्ड: देखि सम्म | निर्माणको साल: | |
| विकास क्षेत्र: | जिल्ला: | गा.वि.स. | माटे | ग्राभेल: कालो पत्र: |
| सडक अधिकार क्षेत्र (RoW): | बाहनपथको चौडाई | सोल्डर बाँया मि. दाँया मि. | जम्मा चौडाई मिटर | सडक-सन्दर्भ क्रमसंख्या |

| | किलोमिटर .... | +००० | +१०० | +२०० | +३०० | +४०० | +५०० | +६०० | +७०० | +८०० | +९०० | +००० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दाँया तर्फ | **सडक सुरक्षा चिन्हहरु/संरचना** | | | | | | | | | | | |
| | पारापेट, पोल, कि मी पोष्ट आदि | | | | | | | | | | | |
| | **सडक संरचना** | | | | | | | | | | | |
| | टेवा पर्खाल | | | | | | | | | | | |
| | भित्तातिरको पर्खाल | | | | | | | | | | | |
| | चेक ड्याम आदी | | | | | | | | | | | |
| | **नालीहरु** | | | | | | | | | | | |
| | सिमेण्ट जोडाई, ढलान, सुख्खा, माटे, आदि । | | | | | | | | | | | |
| | जैविक संरचना | | | | | | | | | | | |
| | **क्रस नाली** | | | | | | | | | | | |
| | पुल | | | | | | | | | | | |
| | कलभर्ट | | | | | | | | | | | |
| | कजवे | | | | | | | | | | | |
| | **सडक क्षेत्र** — **सडक केन्द्र रेखा** | | | | | | | | | | | |
| | शहर र गाँउ | | | | | | | | | | | |
| | चोक , दोबाटो | | | | | | | | | | | |
| | **अन्य** | | | | | | | | | | | |
| | स्थानीय निर्माण सामग्री (ग्राभेल, ढुगां आदि) पाइने स्थान | | | | | | | | | | | |
| | काम नलाग्ने सामाग्री फ्याक्ने स्थान | | | | | | | | | | | |
| | बेन्च मार्क | | | | | | | | | | | |
| बाँया तर्फ | जैविक संरचना | | | | | | | | | | | |
| | **नालीहरु** | | | | | | | | | | | |
| | सिमेण्ट जोडाई, ढलान, सुख्खा, माटे, आदि । | | | | | | | | | | | |
| | **सडक संरचना** | | | | | | | | | | | |
| | टेवा पर्खाल | | | | | | | | | | | |
| | भित्तातिरको पर्खाल | | | | | | | | | | | |
| | चेक ड्याम आदि | | | | | | | | | | | |
| | **सडक सुरक्षा चिन्हहरु/संरचना** | | | | | | | | | | | |
| | पारापेट, पोल, कि मी पोष्ट आदि | | | | | | | | | | | |



**नोट:**

# ग्रामीण सडक मर्मत-संभारका लागि प्राथमिकीकरण तथा अनुमानित लागत तालिका

## ग्रामीण सडक मर्मत-सम्भारका लागि प्राथमिकीकरण अनुमानित लागत तालिका

परिषदको निर्णय मितिः ..................          जि.वि.स.को निर्णय मितिः ............................

| क.स. | सडकको विवरण | | | | प्राथमिकताका आधारहरु | | | लागत सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सडकको नाम र खण्ड | मर्मतको किसिम | सडकको वर्ग | लम्वाई कि.मि. | सवारी संख्या प्रति दिन | लाभान्वित जनसंख्या (हजारमा) प्रति कि.मि. | लागत (हजारमा) प्रति कि.मि. | समुदाय | स्थानिय निकाय | नेपाल सरुकार | जम्मा लागत रु. हजारमा | मर्मत पछि चालु हुने सडकको लम्वाई | कैफियत |
| | | | | | | | | | | | | | |
| | | | | | जम्मा | | | | | | | | |

**नोटः फाराम साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१. जिल्ला ग्रामीण सडक मर्मत-संभार समितिको निर्णय प्रतिलिपि
२. जिल्ला विकास समितिको निर्णयको दफा उतार
३. डिजाईन सहितको डिटेल इस्टिमेट
४. जिल्ला ग्रामीण सडक मर्मत-संभार कोषको खाता नं
५. सडकको दायाँ वायाँ १.५ कि.मि.क्षेत्र भित्र वसोवास गर्ने जनसंख्या
६. जिल्ला यातायात गुरु योजना अनुसारको प्राथमिकता नं.

उपयुक्त अनुसारको निर्णय र प्रतिवद्धता सहित अनुरोध गर्ने

| | | |
|---|---|---|
| नाम थरः | नाम थरः | नाम थरः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| पदः प्रमुख जि.प्रा. कार्यालय | पदः स्थानीय विकास अधिकारी | पदः जि.वि.स. सभापति |

# सडक मर्मत–संभार उपभोक्ता समितिको बिधानको नमुना

**प्रस्तावना**

नेपालको ................ अंचल ................... जिल्ला ........................... मा अवस्थित ................................ ग्रामीण सडकको नियमित रुपमा मर्मत–संभार कार्य गर्न आर्थिक, भौतिक तथा मानवीय श्रोत साधनहरुको संकलन तथा उपयोग कार्य गरिएमा जनतालाई दीर्घकालीन आवत जावत गर्न सजिलो, स्थानीय बजारको विकास तथा कृषि जन्य तथा दैनिक उपभोग्य वस्तुहरुको खरिद बिक्रीमा समेत टेवा पुग्न सक्ने भएकोले उक्त सडक क्षेत्रमा बसोवास गर्ने स्थानीय जनताहरुको स्वावलम्बन क्षमतामा अभिवृद्धि गर्ने उद्धेश्यले ...................... अंचल ................... जिल्ला ..................का ग्रामीण सडकका उपभोक्ताहरुको आपसी सरसल्लाह र सहयोगमा सडक मर्मत–संभार उपभोक्ता समितिको गठन तथा संचालनका लागि यो बिधान बनाई जारी गरिएको छ ।
यो विधानको मुख्य उद्देश्य कुनै पनि ग्रामीण सडकको दीर्घकालीन प्रयोगको लागि सडक मर्मत–संभार उपभोक्ता समितिको गठन गरी ग्रामीण सडकको मर्मत तथा संभार कार्य गर्न दिशा निर्देश गर्नु हो ।

**परिच्छेद - १**

प्रारम्भिक

१. समितिको नामः यस संस्थाको नाम ".................सडक मर्मत–संभार उपभोक्ता समिति" रहने छ ।

२. समितिको ठेगानाः ........................सडक मर्मत–संभार उपभोक्ता समिति, ............... गा.वि.स., ............जिल्ला

३. प्रारम्भः यो बिधान संबन्धित स्थानीय निकाय (...............) बाट स्वीकृत प्राप्त भएको मिति देखि लागू हुनेछ ।

४. कार्यक्षेत्रः ............................ ग्रामीण सडक मर्मत–संभार तथा ब्यवस्थापन कार्य । यस अन्तर्गत विभिन्न प्रकारका मर्मत तथा संभार कार्यहरु जुन आफ्नो क्षेत्रको सडक तथा सडक संग सम्बन्धित संरचनाहरु पर्दछन् । त्यसको आवश्यक मर्मत–संभार कार्यको संचालन र व्यवस्थापन गरिने छन् ।

५. आवद्धताः यो समिति संबन्धित स्थानीय निकाय (....................) तथा .................समेतमा आवद्ध हुनेछ ।

६. प्रचलित कानून बमोजिमः यो विधानमा भएको व्यवस्था स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा प्रचलित ऐन कानूनको अधीनस्थ हुनेछ । यस समितिले नेपाल सरकार तथा संबन्धित स्थानीय निकायको नीति निर्देशनको परिधि भित्र रही कार्य संम्पादन गर्नेछ ।

७. समितिको अस्तित्वः यो समिति संगठित, स्वशासित, मुनाफा रहित, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ ।

८. समिति व्यक्ति सरह हुने : यो समिति व्यक्ति सरह हुनेछ । यसले कसै उपर नालीस उजुर गर्न सक्नेछ र यस उपर पनि नालीस उजुर लाग्न सक्नेछ ।

९. समितिको छाप र चिन्ह : यस समितिको औपचारिक प्रयोगको निम्ति छुट्टै छाप हुनेछ । जुन वृत आकारको हुनेछ । वृत्ताकारको बीचमा ..................................सडक मर्मत–संभार उपभोक्ता समिति..................., भनी स्थापना भएको साल समेत लेखिनेछ ।

## परिच्छेद - २

परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिधानमाः

क) "बिधान" भन्नाले .....................सडक मर्मत–संभार उपभोक्ता समितिको बिधान, २०६.. लाई सम्झनु पर्छ ।
ख) "नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ लाई जनाउँछ ।
ग) "विनियम" भन्नाले यस बिधान अन्तर्गतको कार्य समितिले बनाई लागुगरेको विनियमलाई जनाउँछ ।
घ) "कार्य समिति" भन्नाले यस बिधान अनुसार उपभोक्ताहरुबाट निर्वाचित ............ सडक मर्मत–संभार उपभोक्ता समितिलाई जनाउँछ ।
ङ) "समिति" भन्नाले ....................... सडक मर्मत–संभार उपभोक्ता समूहलाई जनाउँछ ।
च) "उपसमिति" भन्नाले कार्य समितिले आफूमा निहित सम्पूर्ण वा आंशिक अधिकार प्रत्यायोजन गर्ने गरी निश्चित स्थान वा क्षेत्रमा कार्य गर्नको लागि समय समयमा बनाइने उप–समितिलाई जनाउँछ ।
छ) "कार्य योजना" भन्नाले यस बिधान वमोजिम मर्मत्–संभार उपभोक्ता समितिले संचालन गर्ने योजना र मर्मत सम्वन्धी कार्यक्रमलाई जनाउँछ ।
ज) " गैर सरकारी सामाजिक संस्था संस्था" भन्नाले प्रचलित ऐन बमोजिम संबन्धित निकायमा दर्ता भएको सेवा भावले गठित सामाजिक संस्थालाई जनाउंछ ।
झ) "दातृ संस्था" भन्नाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैर सरकारी संस्थालाई जनाउँछ ।
ञ) "जनसहभागिता" भन्नाले जनताबाट लिइने/दिइने निःशुल्क सेवा, जनसहयोग, जन श्रमदान तथा मर्मत–संभार कार्यमा जनताको संलग्नतालाई जनाउँछ ।
ट) "उपभोक्ता" भन्नाले यस बिधान अनुसार मर्मत–संभार गरिने योजनाबाट सेवा सुविधा उपभोग गर्ने व्यक्तिलाई जनाउँछ ।

ठ)	“समूह” भन्नाले उपभोक्ताहरुको समूह, समुदायलाई जनाउँछ ।
ड)	“उपभोक्ता समूह” भन्नाले यस समितिको कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष सेवा तथा सुविधा उपलव्ध गर्ने समूह वा समुदायलाई जनाउँछ ।
ढ)	“साधारण सभा” भन्नाले बिधान अनुसार गरिने उपभोक्ता समूहको “सभा” बैठकलाई जनाउँछ ।
ण)	“समितिका पदाधिकारी” भन्नाले बिधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरुलाई मात्र जनाउँछ ।
त)	“अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष” भन्नाले बिधान अनुसार निर्वाचित मर्मत-संभार उपभोक्ता समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई जनाउँछ ।
थ)	“सेवा शुल्क” भन्नाले आयोजनाबाट सेवा सुविधा प्राप्त गरे वापत समितिले तोकेको शुल्कलाई जनाउँछ ।
द)	जिल्ला स्तरीय– “जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति ” भन्नाले जि.वि.स. द्वारा जि.वि.स.सभापतिको अध्यक्षतामा गठित समितिलाई जनाउँछ ।
ध)	“मर्मत–संभार विशेष कोष” भन्नाले जिल्लाको सम्पूर्ण किसिमको पूर्वाधार संरचनाको लागि बनेको कोष भन्ने जनाउँछ र जस अन्तर्गत जिल्ला ग्रामीण सडक मर्मत–संभार कोष रहनेछ ।

**परिच्छेद - ३**

उद्देश्य

प्रचलित ऐन, कानून तथा नियमावलीको अधीनमा रही कार्य संचालन गर्ने गरी यस समितिको मुख्य उद्देश्य निम्नानुसार हुनेछन् :

क)	ग्रामीण सडक आसपासका जनतालाई सुरक्षित र सुलभ तरिकाले आवतजावत गराउन गुणस्तर कायम राखी ग्रामीण सडकलाई मर्मत–संभार गरी दिगो रुपमा संचालन गर्ने ।
ख)	राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी, गैरसरकारी दातृ संस्थाहरुबाट यथासम्भव सहयोग जुटाउन जिल्ला स्तरीय मर्मत–संभार विशेष कोष तथा ग्रामीण सडक मर्मत–संभार समितिलाई सहयोग गर्ने ।
ग)	योजनाको मर्मत–संभार गर्न जि.वि.स, जि.ग्रा.स.म.सं.कोष, नगरपालिका तथा छिमेकी गा.वि.स. बाट अनुदानको रुपमा श्रोत र साधन जुटाउने ।
घ)	जि.वि.स.,नगरपालिका तथा छिमेकी गा.वि.स.हरुसंग सहयोग लिई मर्मत-संभार सम्वन्धी कार्यक्रम बनाउने ।
ङ)	उपभोक्ताहरु मध्येबाट आवश्यकता अनुसार योग्य व्यक्तिलाई ग्रामीण सडक मर्मत–संभार कार्यकर्ता छनौट गरी नियुक्ति गरी प्राविधिक तालिमको व्यवस्था गर्ने ।
च)	स्थानीय मर्मत–संभार कार्यकर्ताको क्षमता भन्दा बाहिरको प्राविधिक कामका लागि जि.वि.स.को सहयोग माग्ने ।
छ)	सडक संञ्चालन तथा मर्मत–संभार व्यवस्थापनबारे वर्षको २ पटक जि.वि.स.को पदाधिकारीको रोहवरमा समीक्षा गर्ने ।
ज)	सडकको दिगो उपयोग, वातावरणीय सरसफाइ, आयोजनाको लक्ष्य वारे जनतालाई जानकारी गराउने, चेतना अभिवृद्धि गर्ने र कार्यक्रम संचालनका लागि जनसहभागिता

जुटाउने ।

झ) योजना मर्मत–संभार सम्वन्धी कामका लागि श्रम, साधन र प्राप्त श्रोत परिचालनको व्यवस्था गर्ने ।

ञ) संचालन हुने सबै मर्मत–संभार कामका लागि योजनामा सबै उपभोक्ताहरुलाई सहभागि बनाउने ।

ट) सार्वजनिक सम्पत्ति र सम्पदाको संरक्षणमा सम्बन्धित निकायलाई सहयोग गर्ने ।

ठ) सम्वन्धित निकायसँग समन्वय कायम गरी शान्ति सुरक्षा कायम राख्न प्रयत्नशील रहने ।

ड) समसामयिक अन्य विकासमूलक कार्यमा सहभागी हुने ।

ढ) यो संस्थाले कार्य संञ्चालन गर्दा ग्रामीण सडक मर्मत–संभार निर्देशिका, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा सम्बन्धित निकायको स्वीकृत कार्यक्रम अनुसार जिविससँग समन्वय गरी सञ्चालन गर्नेछ ।

**परिच्छेद - ४**

साधारण सदस्यता

१. साधारण सदस्यताः

सडकबाट प्रत्यक्ष रुपमा लाभान्वित हुने ....................गा.वि.स. का सडकले छोएका वडाहरु (वडा नं ............................) का उपभोक्ताहरुको परिवारको एक एक जना सदस्यहरुको उपभोक्ता भेलाद्वारा समितिको साधारण सदस्य छानिने छन् । यसरी छानिएका सदस्यहरु समितिमा दर्ता भएपछि मात्र साधारण सदस्य मानिने छन् । यस अतिरिक्त साधारण सभाले आवश्यकता अनुसार केही सदस्यहरु छान्न सक्नेछ ।

यसरी दर्ता भएका सदस्यलाई साधारण सदस्यता पत्र प्रदान गरिनेछ । साधारण सदस्यहरुको संख्या कम्तीमा ५० जना हुनुपर्नेछ । सो मध्ये सडकले छोएका प्रत्येक गा.वि.स.का प्रत्येक वडाबाट कम्तीमा ५ जना सदस्य हुनुपर्नेछ ।

२. सदस्यको लागि योग्यताः

निम्न अनुसारका व्यक्तिहरु साधारण सदस्यता वा सडक मर्मत–संभार उपभोक्ता समितिको सदस्यको लागि योग्य मानिने छन् ।

क) समितिको बिधान र समूहको निर्णय पालन गर्न मंजूर भएको ।

ख) मानसिक असन्तुलन नभएको ।

ग) हिडडुल गर्न सक्ने र स्वस्थ १८ वर्ष उमेर पूरा भएको ।

घ) नेपाली नागरिक हुनुपर्ने ।

ङ) यस सडकले छोएको वडाको स्थायी बासिन्दा हुनुपर्ने ।

च) फौजदारी अभियोगमा अदालतबाट दोषी नभएको ।

३. सदस्यता नरहने अवस्थाः

क) मानसिक सन्तुलन ठीक नभएको प्रमाणित भएमा

ख) समितिको बिधान र समूहको निर्णय पालन नगरी समितिको काम कार्यकममा बाधा पुग्ने कार्य गरेमा

ग)  मृत्यू भएमा

घ)  बसाई सराई गरी गएमा

४.  सदस्यताको निष्काशन:
देहायको अवस्थामा कुनैपनि व्यक्ति सदस्यताबाट निष्काशन भएको मानिने छ ।

क) समितिसंग रहेको रकम हिनामिना गरेको प्रमाणित भएमा

ख) समितिको निर्णय वारम्वार उल्लंघन गरेमा

५.  सबै सदस्यले विधान बमोजिमको ब्यवस्थाको पालना गर्नुपर्नेछ ।

**परिच्छेद – ५**

सभा बैठक तथा र्निणय प्रक्रिया

१.  साधारण सभा:

समितिले तोकेको स्थान, मिति र समयमा उपभोक्ता समूहको साधारण सभा बस्नेछ । साधारण सभा कम्तीमा वर्षको १ पटक  बस्नेछ ।

साधारण सभा संम्बन्धी प्राबधान :

क)  सडक मर्मत–संभार समितिको बैठक बसी निर्णय गरेपछि समितिका अध्यक्ष र सचिवले साधारण सभाको बैठक बोलाउनु पर्नेछ ।

ख)  उपभोक्ता समूहका सबै सदस्यहरु उक्त साधारण सभाका सदस्य हुनेछन् । उपभोक्ता समूहका सबै सदस्यहरुलाई आफू चुनिन र अरुलाई चुन्न अधिकार हुनेछ । साधारण सभा हुने मिति, स्थान, समय र विषयहरु बारे लिखित रुपमा सार्वजनिक स्थानमा सूचना टाँस गरी जानकारी गराइनेछ ।

ग)  कूल सदस्यहरु मध्ये ५१% सदस्यको उपस्थिति रहेको अवस्थामा उपभोक्ता समूहको साधारण सभाको काम कारवाही सञ्चालन हुनेछ ।

घ)  ५१% सदस्यहरुको उपस्थिति तोकिएको दिन र समय अनुसार नभएमा उपभोक्ता समूहको साधारण सभा स्थगित गरी १५ दिन भित्र पुनः अर्को सभा बस्नेछ ।

ङ)  दोश्रो पटक तोकेको मिति, दिन र समयमा सदस्यहरुको उपस्थिति ५१%  नपुगेमा कूल सदस्य संख्याको ३०% पुगेमा साधारण सभाको बैठक बस्नेछ । दोश्रो पटक बसेको साधारण सभामा कूल सदस्य संख्याको ३०% नपुगेमा सो सभालाई त्यस दिन स्थगित गरी ३ दिन भित्र तेश्रो पटक पुनः साधारण सभाको बैठक  बस्नेछ । तेश्रो पटक बसेको साधारण सभामा उपस्थित सदस्यहरुको बहुमतबाट प्रस्तावहरु पारित हुनेछन् ।

२.  विशेष सभा बैठक::

विशेष परिस्थितिमा साधारण सभाका जम्मा सदस्य संख्याको २५% सदस्यहरुले लिखित माग गरेमा मर्मत-संम्भार समितिका अध्यक्ष र सचिवले १ महिना भित्रमा साधारण सभाको विशेष

बैठक बोलाउनु पर्नेछ ।

३. साधारण सभाको काम कर्तव्य र अधिकारः

क) विगत १ वर्षको कामको मूल्यांकन गरी आगामी १ वर्षका लागि नीति र कार्यक्रम पारित गर्ने
ख) उपभोक्ता समितिबाट पेश भएका प्रतिवेदनलाई छलफल सहित पारित गर्ने,
ग) अध्यक्षले विचारार्थ प्रस्तुत सूचीमा छलफल सहित निर्णय दिने ।
घ) बिधानको मूलभूत उद्देश्यहरुमा प्रतिकूल असर नपर्ने गरी बिधानका अन्य दफाहरुमा समयानुकूल संशोधन गर्ने (यसरी संशोधन भएका बिषयहरु स्थानीय प्रशासन बाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ) ।
ङ) उपभोक्ता समूहको उद्देश्य अनुरुपका कार्यक्रमहरुको विस्तारका लागि आवश्यकता अनुसार समिति, उपसमितिहरुको गठन गरी तिनीहरुको काम, कर्तव्य र अधिकार तोकिदिने । बिधानको परिच्छेद-३ दफा ७ ले दिएको अधिकार प्रयोग गरी बनाइएका नियमहरुको अनुमोदन गर्ने ।
च) निर्वाचन गराउन पर्ने अवस्थामा निर्वाचन सम्वन्धी कार्यविधि पूरा गरी कार्य समितिको गठन गर्ने ।
छ) आयोजनाको मर्मतको लागि जनश्रम, पूँजी तथा साधन प्राप्त गर्न र परिचालन गर्न तथा कार्यान्वयन संबन्धी योजना बनाउने ।

४. उपभोक्ता समूहको साधारण सभाको बैठकको अध्यक्षताः

मर्मत-संम्भार समितिको अध्यक्षले नै उपभोक्ता समूहको साधारण सभा बैठकको अध्यक्षता गर्नेछन । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि नभएमा समितिका ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछन् ।

५. सडक मर्मत–संभार उपभोक्ता समितिको गठनः

आयोजनालाई सरल तरिकाले समयमा पूरा गर्न, संरक्षण सम्वर्धन र विकास तथा संचालन गर्न उपभोक्ता समूहले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार एक मर्मत-संभार उपभोक्ता समिति गठन गर्नेछ । जसमध्ये अध्यक्ष, उपाध्यक्ष, सचिब, वा कोषध्यक्ष कुनै एकपदमा, कम्तीमा एकजना महिला र एक जना दलित जातिको प्रतिनिधित्व हुनुपर्नेछ । उक्त उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य हुने गरी निम्न अनुसार गठन गरिने छ ।

| | | |
|---|---|---|
| अध्यक्ष | : | -१ जना |
| उपाध्यक्ष | : | -१ जना |
| सचिव | : | -१ जना |
| कोषाध्यक्ष | : | -१ जना |
| सदस्यहरु | : | -५ जना देखि ७ जना |
| जम्मा | | -९ जना देखि ११ जना |

सडक मर्मत–संभार उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारी सदस्यहरुको कार्यकाल ३ वर्षको हुनेछ ।

यस समितिमा आवश्यक सल्लाहकारहरु (जसको निर्णयमा भोट दिने अधिकार हुने छैन) बढीमा ३ जना राख्न सकिनेछ ।

६ . सडक मर्मत–संभार उपभोक्ता समितिको सदस्य पदबाट हट्ने अवस्थाहरु :

क) समितिको सदस्य पदबाट राजिनामा दिइ स्वीकृत भएमा ।
ख) मृत्यु भएमा ।
ग) बिना सूचना लगातार ३ पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा तर सो सम्वन्धमा मनासिव कारण सहित सफाई दिनबाट सदस्यलाई बन्चित गरिनेछैन ।
घ) कुनै सदस्य विरुद्ध उपभोक्ता समूहको साधारण सभाका दुई तिहाइ सदस्यले अविश्वास प्रस्ताव पास गरेमा ।
ङ) समिति विघटन भएमा ।

७. सडक मर्मत–संभार उपभोक्ता समितिको बैठक:

क) साधारणतया समितिको बैठक प्रत्येक महिनाको एक पटक बस्नेछ ।
ख) सडक मर्मत–संभार उपभोक्ता समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा आवश्यकता अनुसार बस्नेछ ।
ग) ५१% सदस्यले बैठक बस्न लिखित अनुरोध गरेमा अध्यक्षले सूचना पाएको ७ दिन भित्र बैठक बोलाउनु पर्नेछ ।
घ) समितिको बैठकमा आवश्यकता अनुसार संबन्धित कार्यालय तथा अन्य ब्यक्तिहरुलाई आमन्त्रितको रुपमा बोलाउन सकिनेछ ।

८. गणपूरक संख्या :

समितिको सदस्यहरुको ५१% सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

९. निर्णय पक्रिया :

बैठकमा छलफल र निर्णयका लागि पेश गरिएका सबै विषयहरुमा उपस्थित सदस्यहरुको बहुमतबाट पारित हुनेछन् ।

१०. सडक मर्मत–संभार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) साधारण सदस्यको अधिवेशनले पारित गरेका निर्णयहरु कार्यान्वयन गर्ने ।
ख) संस्थाको चल अचल सम्पतिको संरक्षण, सम्वर्धन र सदुपयोग गर्ने ।
ग) वार्षिक बजेट पारित गराउने र साधारण सभाको अधिवेशनमा आय व्यय विवरण पेश गर्ने ।
घ) संस्थाको उद्देश्य पूरा गराउन विविध कार्यक्रम संचालन गर्ने ।

ङ)	उपभोक्ता समूहको उद्देश्य पूरा गर्नको लागि आवश्यक देखिएमा विभिन्न उपसमिति गठन गरी अधिकार प्रत्यायोजन गर्ने ।

च)	जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति समक्ष प्रत्येक ६ महिनामा कार्य प्रगति प्रतिवेदन र वर्षको एक पटक संस्थाको हिसावको विवरण पेश गर्ने ।

छ)	स्थानीय तथा जिल्ला स्तरीय संघ संस्था सँग तथा अन्य सडक मर्मत–संभार उपभोक्ता समितिसँग सूचनाको आदान प्रदान गर्ने र भाइचाराको सम्बन्ध विकास गर्ने ।

ज)	विभिन्न उपसमितिको रेखदेख निरीक्षण तथा नियन्त्रण गर्ने ।

झ)	मर्मत-संभार कार्य संचालनमा सुगमता ल्याउन आवश्यक कार्य योजना र प्रक्रिया बनाई साधारण  सभामा पेश गर्ने र लागु गराउने ।

ञ)	दातृ संस्था वा अन्य निकायसँग उपभोक्ता समूहको तर्फबाट काम गर्ने ।

ट)	संचालित कामको प्रगति र हिसाव कितावको विवरण उपभोक्ता समूहलाई नियमित रुपमा दिने ।

ठ)	नेपाल सरकार, जि.वि.स. जि.स.स.स., जि.ग्रा.स.म.स.स.को नीति निर्देशन पालना गर्ने गराउने ।

ड)	जि.वि.स., जि.स.स.स., जि.ग्रा.स.म.सं.स. र गा.वि.स. तथा नगरपालिकाले माग गरेको विवरण उपलव्ध गराउने ।

च)	स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार उपभोक्ता समितिका हैसियतले गर्नुपर्ने कार्य गर्ने ।

**परिच्छेद - ६**

पदाधिकारीको काम, कर्तव्य र अधिकार

पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१.	अध्यक्षको काम, कर्तव्य र अधिकार :

क)	मर्मत–संभार उपभोक्ता समिति तथा साधारण  सभाको बैठकको अध्यक्षता गर्ने ।

ख)	मर्मत–संभार उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरुको कामको रेखदेख तथा निरीक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने ।

ग)	बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

घ)	योजनाको मर्मत–संभार सम्वन्धी आकस्मिक काम पर्दा आगामी बैठकबाट अनुमोदन गराउने गरी महिनाको बढीमा रु. ..........।- (अक्षरेपी रू. ..........) सम्म खर्च गर्ने ।

ङ)	संस्थाको उदेश्य अनुरुप विकास निर्माणको साथ साथै समाज सेवाको कार्यक्रमलाई सुव्यवस्थित रुपले संचालन गर्न नेतृत्व प्रदान गर्ने ।

च)	संस्थाको चल अचल सम्पत्ति हेरविचार गर्ने गराउने ।

छ)	समितिले गरेका निर्णयहरु कार्यान्वयन गराउने ।

ज)	नेपाल सरकार र संवद्ध निकायले माग गरेका विवरण र प्रतिवेदन पेश गर्ने ।

झ)	आफू अनुपस्थित हुने भएमा आफ्नो कार्यभार उपाध्यक्षलाई दिने र उपाध्यक्ष पनि अनुपस्थित भएमा समितिको ज्येष्ठ सदस्यलाई दिने ।

२.	उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने ।
ख) अध्यक्षको पद रिक्त भएमा पदपूर्ति नहुंदा सम्मका लागि कार्यवाहक अध्यक्ष भई काम गर्ने ।
ग) अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

३. सचिवको काम, कर्तव्य र अधिकार :

क) आयोजनाको कार्यक्रम र समितिका काम कारवाहीलाई प्रभावकारी ढंगबाट संचालन गर्न कार्यालय व्यवस्थापनको काम गर्ने ।
ख) उपभोक्ता समिति र उपभोक्ता समूहको साधारण सभाको लागि आवश्यक तयारी र व्यवस्था मिलाउने ।
ग) उपभोक्ता समूह र समितिको निर्णय बैठक पुस्तिका लेख्ने ।
घ) प्रत्येक बैठकको निर्णय सबै सदस्यहरुलाई जानकारी गराउने ।
ङ)) आयोजनाका लागि सम्वन्धित क्षेत्रका जनताको सहभागिता जुटाउने ।
च) उपभोक्ता समितिले तोकेका कामहरु गर्ने ।
छ) आयोजनाको प्रगति प्रतिवेदन तयार गरी उपभोक्ता समितिको बैठकको निर्णय सहित गा.वि.स., जि.ग्रा.स.म.सं.स, जि.वि.स. मा पठाउने ।

४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) सडक मर्मत–संभार उपभोक्ता समितिको कोष संकलन गर्ने, आय व्ययको हिसाव राख्ने ।
ख) समिति/संस्थाको वार्षिक बजेट तयार गर्ने र साधारण सभामा समिति मार्फत पेश गरी पारित गराउने ।
ग) लेखा परीक्षण गराउने ।
घ) समितिको आर्थिक कारोवारको रेखदेख र नियन्त्रण गर्ने ।
ङ)) समितिले असुल गर्नुपर्ने शुल्कहरु असुल गर्ने, भुक्तानी लिनुपर्ने हिसाव मिलाउने ।
च) समितिका लागि जि.वि.स., गा.वि.स., न.पा., दातृसंस्था, जनसहभागिता तथा अन्य श्रोतबाट प्राप्त भएको पूँजी, साधन, सामग्री तथा श्रमको श्रेस्ता ठीक तरिकाले राख्ने ।
छ) समितिलाई प्राप्त पूँजी र सामग्रीको जिम्मा लिने र यसको प्रयोगको फाँटवारी राख्ने ।
ज) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

५. सदस्यहरुको काम, कर्तव्य र अधिकारः

क) सडक मर्मत–संभार योजना संचालन गर्न चाहिने श्रम, सीप, र सामग्रीको मात्रा निधो गर्ने ।
ख) मर्मत–संभार सम्वन्धी कार्य योजना कार्यान्वयन स्थितिको अवलोकन, निरीक्षण गर्ने ।
ग) आवश्यकता अनुसार आयोजना क्षेत्रका उपभोक्ताहरुको सहभागिता जुटाउने ।
घ) योजनाको स्थितिको बारेमा आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई अवगत गराउने ।
ङ) उपभोक्ता समितिले तोकेको कार्य गर्ने ।
च) योजना प्रस्ताव गर्ने र छलफलमा सहभागी भै टुंगो लगाई पारित गर्ने ।

**परिच्छेद - ७**

आर्थिक व्यवस्था

१. कोष व्यवस्था :

- क) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ, जसमा परिच्छेद-७ दफा २ अनुसार प्राप्त रकम जम्मा गरिनेछ ।
- ख) समितिले निर्धारण गरेको कार्ययोजना र कार्यनीति अनुसार कोषको उपयोग गरिनेछ ।
- ग) समय समयमा समितिले कोषको उचित उपयोग भए नभएको जांच गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।
- घ) कोष परिचालन, लेखा प्रणाली, लेखा परीक्षण र कोष सम्वन्धी अन्य प्रकियाहरु निर्धारित प्रकिया अनुसार हुनेछ ।
- ङ) कोषको रकम सम्वन्धी विवरण जि.वि.स. तथा जि.ग्रा.स.म.सं.स. तथा सम्वन्धित गा.वि.स. तथा नगरपालिकाले जुनसुकै बेला माग गरी हेर्न सक्ने र आबश्यक निर्देशन दिन सक्नेछ ।

२. आर्थिक श्रोत :

- क) जि.वि.स.र गा.वि.स. तथा नगरपालिकाबाट प्राप्त अनुदान, विविध व्यक्ति तथा निकायबाट प्राप्त आर्थिक सहयोग, समितिद्वारा संचालन गरिने विभिन्न कार्यक्रमबाट संकलित रकम, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त रकम समितिको आय श्रोत मानिनेछ । सवारी कर उठाउने सम्वन्धी निर्णय गर्ने अधिकार स्था. स्वा.शा. ऐन तथा नियमावली बमोजिम समन्धित स्थानीय निकायलाई भएको हुदाँ सोही अनुसार सम्बन्धित निकायवाट निर्णय भए अनुसार सम्बन्धित स.म.स.उ.स. ले लागू गर्नेछ ।
- ख) जनसहभागिताबाट प्राप्त हुने श्रम, पूँजी र सामग्रीहरु ।
- ग) वैदेशिक सहयोग नेपाल सरकारको पूर्व स्वीकृति लिई मात्र लिन सकिनेछ ।

३. बैंक खाताको संचालन :

अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कोषाध्यक्षको अनिवार्य र अन्य दुई मध्ये एक सहित दुई जनाको संयुक्त हस्ताक्षरबाट संचालन र कारोवार गर्ने गरी नजिकको बैंकमा खाता खोलिनेछ ।

४. कार्य योजना कार्यान्वयन :

मर्मत–संभारका लागि चाहिने श्रम, सीप, पूँजी र सामग्रीको आपूर्ति कार्यको प्रकृति र अवस्था हेरी समितिले आफ्नो श्रोत साधनबाट वा उपभोक्ताहरुबाट आवश्यक शुल्क लिएर वा नेपाल सरकार, जि.वि.स., गा.वि.स., न.पा. तथा दातृ संस्थाहरुको सहयोग लिएर पूरा गर्नेछ । यसको श्रेस्ता राखिनेछ । नेपाल सरकार वा जि.ग्रा.स.म.सं.स.को सिफारिशमा जि.वि.स. बाट अनुमोदित ग्रामीण सडक मर्मत–संभार संबन्धी नीति तथा कार्यनीति अनुरुप कार्य योजनाको

कार्यान्वयन हुनेछ ।

५. लेखा परीक्षण सम्बन्धी व्यवस्था :

क) जि.वि.स.ले नियुक्त गरेको दर्तावाल लेखा समिति/परीक्षकबाट संस्थाको हिसावको लेखा परीक्षण गरिनेछ । आयोजनाको कार्य सम्पन्न प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन स्थानीय निकाय समक्ष समेत पेश गरिनेछ ।

**परिच्छेद - ८**

विविध

१. निर्वाचन सम्बन्धि व्यवस्थाः

क) सडक मर्मत-संभार उपभोक्ता समितिको पदाधिकारी तथा सदस्यहरुको निर्वाचन साधारण सभाका सदस्यहरुमध्येबाट उनीहरुको सर्वसम्मत निर्णयले छनौट गरिनेछ । सर्वसम्मत हुन नसकेमा निर्वाचनका लागि निजहरुमध्येबाट ३ सदस्यीय एक निर्वाचन समिति गठन गरिनेछ ।
ख) निर्वाचन समितिले निर्वाचन सम्वन्धी कार्यविधि आफै निर्धारण गर्नेछ ।
ग) निर्वाचन सम्वन्धी कार्यमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।
घ) सडक मर्मत–संभार उपभोक्ता समितिको निर्वाचन प्रत्येक ३।३ वर्षमा गरिनेछ ।

२. अविश्वासको प्रस्तावः

क) सडक मर्मत–संभार उपभोक्ता समितिको कुनै पदाधिकारी एवं सदस्य उपर समूहमा अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ । यस्तो परिस्थितिमा सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतद्वारा त्यस्तो प्रस्ताव पारित भएमा निजको सदस्यता समाप्त हुनेछ ।
ख) उपभोक्ता समूहका २५% सदस्यहरुले संयुक्त रुपमा दस्तखत गरी अविश्वासको प्रस्ताव स्पष्ट कारण र अभियोग किटान गरी लिखित रुपमा साधारण सभा हुनु अगावै सडक मर्मत–संभार उपभोक्ता समितिमा दर्ता गराउनु पर्नेछ ।

३. रिक्त स्थानको पूर्तिः

कुनै कारणले रिक्त भएको पदमा बाँकी अवधिको लागि पूर्ति गर्दा सो पद जुन प्रक्रियाबाट पूर्ति भएको हो सोही प्रक्रिया अनुसार रिक्त पदको पूर्ति गरिनेछ ।

४. बिधान संशोधन :

समितिको बिधान संशोधन गर्न आवश्यक परेमा सो को लिखित प्रस्ताव समिति मार्फत साधारण सभामा पेश गरी सभाको दुईतिहाई बहुमतले पास गरेमा सो बिधान संशोधन हुनेछ । उक्त संशोधित बिधान सम्वन्धित स्थानीय निकाय (जि.वि.स.) बाट स्वीकृति लिई लागु गर्न सकिनेछ ।

बिधान संशोधनको प्रस्ताव साधारण  सभा बस्नु भन्दा १५ दिन अगावै सडक मर्मत–संभार उपभोक्ता समितिको कार्यालयमा लिखित रुपमा दर्ता हुनुपर्नेछ ।

५. पदको रिक्तताः

देहायको अवस्थामा समितिका पदाधिकारी तथा सदस्यको पद रिक्त भएको मानिनेछ :

क) परिच्छेद-४ दफा ४ वमोजिम साधारण  सदस्यता कायम नरहेमा ।
ख) लगातार ३ पटकसम्म मनासिव माफिकको सूचना नदिई बैठकमा अनुपस्थित भएमा तर बैठकको सूचना पाएको प्रमाण समितिले पेश गर्नुपर्नेछ ।
ग) परिच्छेद-८ दफा २ अनुसार अविश्वासको प्रस्ताव पारित भएमा ।
घ) अनुशासन सम्वन्धी कारवाहीमा परी समितिबाट निष्काशित भएमा ।

६. राजिनामा :

उपभोक्ता समितिको पदाधिकारी तथा सदस्यले अध्यक्ष समक्ष राजिनामा पेश गर्न सक्नेछन् । अध्यक्षले कार्य समितिको सामान्य राय लिई राजिनामा स्वीकृत गर्न वा नगर्न सक्नेछ । समितिका अध्यक्षले उपाध्यक्ष मार्फत समिति समक्ष राजिनामा पेश गर्न सक्नेछ र समितिका सदस्यहरुको दुई तिहाइ बहुमतले पारित भएमा अध्यक्षको राजिनामा स्वीकृत भएको मानिनेछ ।

७. समिति विघटन :

समितिले स्वीकृत संझौता तथा बिधान वमोजिम कार्य संचालन गर्न नसके वा अन्य कुनै कारणले यस समितिको विघटन भएमा समितिको सम्पूर्ण जायजेथा, चल अचल सम्पति जि.वि.स.को निर्णय अनुसार जि.वि.स.वा संबन्धित गा.वि.स. तथा नगरपालिकाको नाममा सर्नेछ ।

८. खारेजी र वचाउ :

क) यस अघि ......................... सडक मर्मत-संभार उपभोक्ता समितिको नामबाट भएका सम्पूर्ण कार्यहरु यस बिधान अन्तर्गत भए सरह मानिनेछ ।
ख) यस बिधानमा उल्लेखित कुराहरु प्रचलित संविधान, ऐन, नियम तथा नियमावलीसंग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

९. तदर्थ समिति सम्वन्धी व्यवस्था :

क) यो विधान दर्ता गराई, साधारण सभाको पहिलो बैठक गराई यस विधान अनुरुप कार्यसमितिको निर्वाचन गराउने र सो निर्वाचन नभएसम्मका लागि कार्य समितिले गर्ने सम्पूर्ण कामहरु गर्नको लागि जि.स.स.स. को मिति ...................... मा बसेको

बैठकले ............................... ग्रामीण सडकको समुचित योजना, भैपरी आउने काम करबाही र संचालन व्यबस्थापनको लागि गठन गरेको “सडक मर्मत–संभार उपभोक्ता समिति” नै सडक संचालन तथा मर्मत–संभार तदर्थ समिति रहनेछ ।

ख) सडक मर्मत–संभार तथा उपभोक्ता समितिमा तदर्थ समिति भई कार्य संचालन गर्दा सम्म निम्न पदाधिकारीहरु रहेका छन् ।

| **क.स.** | **नाम** | **पद** |
|---|---|---|
| १ | | अध्यक्ष |
| २ | | उपाध्यक्ष |
| ३ | | कोपाध्यक्ष |
| ४ | | सचिव |
| ५ | | सदस्य |
| ६ | | सदस्य |
| ७ | | सदस्य |
| सल्लाहकारहरु | | |
| १. | कार्यक्रम अधिकृत, ........................ | |
| २. | कार्यालय प्रमुख, जिल्ला प्राविधिक कार्यालय | |
| ३. | अन्य कुनै विशेष गन्यमान्य व्यक्ति भए | |

१०. तदर्थ समितिको उत्तरदायित्व :

क) यस विधानको परिच्छेद-८ दफा ९ (क) मा उल्लेख गरिएको तदर्थ समितिले यो विधान दर्ता गराई, विधान दर्ता भएपछि २०६.... ................ भित्र यस विधानको परिच्छेद-५ दफा १ बमोजिम साधारणा सभाको बैठक डाकी परिच्छेद- ५ दफा ५ र परिच्छेद- ८ दफा १ बमोजिम कार्य समितिको छनौट/चुनाव गराई गा.वि.स.को सिफारिश सहित जि.वि.स. र जि.ग्रा.स.म.सं.स.लाई सूचित गर्नेछ ।

ख) कार्यसमितिको विधिवत चुनाव नभएसम्म तदर्थ समितिले यस विधान बमोजिम कार्य समितिले गर्ने सम्पूर्ण कामहरु गर्नेछ ।

# परिशिष्ट- झ

## ग्रामीण सडक मर्मत-संभारको लागि विभिन्न निकायहरुको भूमिका

(क) <u>जिल्ला विकास समितिको भूमिका</u>

स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार ग्रामीण सडक मर्मत-संभार तथा व्यवस्थापन संबन्धमा जिल्ला विकास समितिले निम्न लिखित कार्यहरु गर्नेछ :

१) विभिन्न निकायहरु (जि.ग्रा.स.म.स.स., गा.वि.स., नगरपालिका, सडक म.स.उ.स., तथा उपभोक्ता समूह) विच समन्वय गर्नेछ ।
२) जिल्ला भित्र रहेका सम्पूर्ण जिल्ला स्तरीय सडकहरुको जिल्ला सडक गुरु योजना अर्न्तगत प्राथमिकताको आधारमा मर्मत–संभार योजना छनौट गरी जिल्ला परिषदबाट स्वीकृत गराउनेछ ।
३) छनौट भएका योजनाहरुमा प्राथमिकता अनुसार जि.वि.स.को बजेटबाट रकम छुट्याउनेछ ।
४) मर्मत–संभार खर्चको लागि अन्य श्रोत जस्तैः सडक बोर्ड नेपाल, नेपाल सरकारको बजेटबाट श्रोत उपलब्ध गराउन पहल गर्नेछ ।
५) जिल्ला स्तरमा जिविस सभापति वा निजले तोकेको जि.वि.स.सदस्य अध्यक्ष रहने गरी जिल्ला स्तरमा “जिल्ला ग्रामीण सडक मर्मत–संभार संबन्धी कार्य व्यवस्थित गर्न जिल्ला ग्रामीण सडक मर्मत–संभार समितिको गठन गर्नेछ ।
६) आबश्यक प्राविधिक सेवाको व्यवस्था मिलाउनेछ ।

७) छनौट् भएका मर्मत–संभार योजनाको कामहरुको सम्बन्धमा समन्वय निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यक निर्देशन दिनेछ ।
८) स्थानीय ग्रामीण सडक मर्मत–संभार उपभोक्ता समिति मार्फत मर्मत–संभारमा संलग्न कामदारहरुलाई श्रमिक ज्याला भुक्तानीको लागि DRRMF बाट समयमै अग्रिम रकम निकासा गर्न जि.सव.स.लाई सिफारिस गर्नेछ ।
९) ग्रामीण सडक मर्मत सम्बन्धी आइपर्ने सबै प्रकारका कार्यहरुमा सहयोग गर्नेछ ।
१०) आवश्यक तालिमको व्यवस्था गर्नेछ ।
११) सडक मर्मत-संभार सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने तथा सडक सीमा क्षेत्र (Right of Way) भित्र नियम विपरीत अनियन्त्रित तरीकाले घर, टहरा, गोठ बनाउन प्रतिवन्ध लगाउनेछ । त्यस्तै बाटोको दायाँ बायाँ सीमा क्षेत्र भित्र जथाभावी रुख काट्ने, ढुङ्गा/माटो फ्किने कार्य गर्न नदिने/ नियन्त्रण गर्नेछ ।
१२) सडक बोर्ड नेपालले उपलब्ध गराएको ढाँचामा समयमै ARMP तयार गर्न आबश्यक व्यवस्था मिलाउनेछ ।

**ख) <u>जिल्ला ग्रामीण सडक मर्मत-संभार समितिको भूमिका</u>**

१) विभिन्न निकायहरु (जि.ग्रा.स.म.स.स., गा.वि.स., नगरपालिका, सडक म.स.उ.स., तथा उपभोक्ता समूह) वीच समन्वय गर्नेछ ।
२) सवारी साधनको प्रकृति र स्वामित्व हेरी सवारी कर तोक्न सिफारिश गर्नेछ ।
३) सवारी कर उठाउनका लागि स.म.स.उ.स.लाई अधिकार प्रत्यायोजन गर्नेछ ।
४) मर्मत–संभार नीति बनाउन, परिमार्जित गर्न सहयोग गर्नेछ ।
५) जिल्ला ग्रामीण सडक मर्मत-संभार कोषको लागि स्थानीय श्रोतहरुको पहिचान र परिचालन गर्नेछ ।
६) मर्मत–संभार गर्नुपर्ने ग्रामीण सडकहरुको पहिचान पछि प्राथमिकीकरण गरी छनौट गर्ने र सिफारिस गर्नेछ ।
७) मर्मत–संभारको लागि स्वीकृत योजनाहरुको कार्यान्वयनमा सहयोग गर्नेछ ।
८) सडक मर्मत–संभार उपभोक्ता समितिलाई आबश्यक निर्देशन दिनेछ ।
९) मर्मत–संभारका लागि संचालनमा रहेका ग्रामीण सडकहरुको नियमित अनुगमन गर्नेछ ।
१०) मर्मत–संभार सम्बन्धी कार्यान्वियन भैरहेको र संचालनमा रहेका ग्रामीण सडकहरुको सम्वन्धमा प्रत्येक ३ महिनामा एक पटक बैठक बसी समीक्षा गर्ने र समीक्षा प्रतिवेदन सम्बन्धित निकायहरु (जि.वि.स., डोलिडार, सडक बोर्ड नेपाल) मा पठाउनेछ ।

**ग) <u>गाउँ विकास समितिको भूमिका</u>**

स्थानीय स्वायत्त शासन ऐन २०५५ को अधिनमा रहेर गाउँ विकास समितिले निम्न लिखित कार्यहरु गर्नेछः

१) आफ्नो गाँऊ क्षेत्र भित्र रहेका ग्रामीण सडकहरुमा प्राथमिकताको आधारमा मर्मत–संभारको लागि गा.वि.स. कोषबाट रकम विनियोजन गर्नेछ ।
२) आफ्नो गाँऊ क्षेत्र भित्रका मर्मत–संभार योजनाको कामहरुको अनुगमन-मूल्याङ्कन गर्नेछ ।
३) मर्मत–संभारको लागि श्रमिक समूहहरु गठन गर्न सडक मर्मत–संभार उपभोक्ता समितिहरुलाई सहजीकरण र सहयोग गरिदिनेछ ।
४) जनश्रमदान गर्ने कार्यमा उपभोक्तालाई उत्प्रेरित गराउनेछ ।
५) स.म.स.उ.स.लाई आवश्यक सरसल्लाह दिनेछ ।
६) स्थानीय क्षेत्रमा सडकको आवश्यकता र महत्वको वारेमा जनचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।
७) सडक मर्मत-संभार सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने तथा सडक सीमा क्षेत्र (Right of Way) भित्र नियम विपरीत अनियन्त्रित तरीकाले घर, टहरा, गोठ बनाउन प्रतिवन्ध लगाउने । त्यस्तै बाटोको दायाँ बायाँ सीमा क्षेत्र भित्र जथाभावी रुख काट्ने, ढुङ्गा/माटो झिक्ने कार्य गर्न नदिने/ नियन्त्रण गर्ने ।

## घ) सडक मर्मत-संभार उपभोक्ता समितिको भूमिका

१) ग्रामीण सडकका आसपासका जनतालाई सरल, सुलभ र सुरक्षित तरीकाले आवतजावत गराउन मर्मत–संभारको गुणस्तर कायम राखी सडकलाई दिगो रुपमा संचालन गर्नेछ ।
२) मर्मत–संभार कार्यको योजना निर्माणमा प्राविधिकहरुलाई आवश्यक सरसल्लाह प्रदान गर्नेछ ।
३) मर्मत–संभार योजना कार्यान्वयनको लागि जि.वि.स.वा जिल्ला ग्रामीण सडक मर्मत–संभार समिति (DRRMC) सँग सम्झौता गर्नेछ ।
४) मर्मत–संभार कार्यको व्यवस्थापन निरीक्षण तथा सुपरिवेक्षण गर्नेछ ।
५) मर्मत–संभारको क्रममा आइपरेको सामाजिक समस्याहरुलाई निराकरण गर्नेछ ।
६) जिल्ला विकास समिति वा DRRMC सँगको सम्झौता अनुरुप समय समयमा रकम निकासा गरी श्रमिक ज्याला अविलम्व भुक्तानी गर्नेछ ।
७) समय समयमा सम्बन्धित सबै प्रतिनिधिहरु लगायत मर्मत-संभार कामदारहरुको रोहबरमा सार्वजनिक लेखा परीक्षण (Public Audit) गर्नेछ ।
८) सडक निर्माण तथा मर्मत–संभारको क्रममा खरिद गरिएका औजारहरुको सुरक्षित तरिकाले भण्डारण गर्नेछ ।
९) मर्मत–संभार कार्यमा भएको खर्चहरुको सक्कल विल भौचरहरु तथा लेखा प्रतिवेदन र प्रगति प्रतिवेदन जि.वि.स., गा.वि.स., नगरपालिका तथा DRRMC मा पेश गरी पेश्की फर्स्योट गर्नेछ ।
१०) सडकको सदुपयोग दीर्घकालीन उपयोग तथा मर्मत–संभार सम्बन्धका बारे जनतालाई जानकारी गराउने तथा चेतना अभिवृद्धि गर्नमा सहयोग पुऱ्याउनेछ ।
११) मर्मत–संभार कार्यको लागि आवश्यक संख्यामा उपभोक्ता समूह गठन गराई मर्मत–संभारको काम गराउनेछ ।
१२) सडक मर्मतको लागि आवश्यक पर्ने रकमको लागि पहल गर्ने ।
१३) सम्बन्धित निकायबाट निर्णय गराई सवारी कर उठाउने ।
१४) जि.वि.स., जि.ग्रा.स.म.स.स., गा.वि.स., नगरपालिका र उपभोक्ताबाट प्राप्त निर्देशन, सुझाव र सल्लाह कार्यान्वियन गराउने ।
१५) सडक मर्मत-संभार सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने तथा सडक सीमा क्षेत्र (Right of Way) भित्र नियम विपरीत अनियन्त्रित तरीकाले घर, टहरा, गोठ बनाउन प्रतिवन्ध लगाउने । त्यस्तै बाटोको दायाँ बायाँ सीमा क्षेत्र भित्र जथाभावी रुख काट्ने, ढुङ्गा/माटो झिक्ने कार्य गर्न नदिने/ नियन्त्रण गर्ने ।

## ङ) सडक-मर्मत संभार उपभोक्ता समुहको भूमिका

१) सडक मर्मत-संभार उपभोक्ता समिति गठन गर्नेछ ।
२) वर्षमा १ चोटी सामूहिक भेला भई मर्मत-संभार कार्यको समीक्षा गर्नेछ ।
३) आवश्यक परेको बेला मर्मत कार्यमा जनश्रमदान उपलब्ध गराउनेछ ।
४) स.म.स.उ.स.लाई आवश्यक सहयोग गर्नेछ ।
५) सार्वजनिक लेखापरीक्षण (Public Audit) मा सहभागी हुने र हुन लगाउनेछ ।
६) सडक मर्मत सम्भारको कार्य सम्पन्न भएपछि समिति मार्फत बुझेका औजार तथा बाँकी निर्माण सामग्री उपभोक्ता समितिलाई बुझाउनेछ ।

च) **जिल्ला प्राविधिक कार्यालयको भूमिका**

१. ग्रामीण सडकहरुको प्राथमिकताको आधारमा मर्मत–संभार योजना तयार गर्न जि.वि.स.लाई आवश्यक प्राविधिक सरसल्लाह दिनेछ ।
२. प्राथमिकतामा परेका सडकहरुको मर्मत कार्यको सम्पूर्ण सर्भे, डिजाईन, लागत तयार गर्नेछ ।
३. सडक मर्मत-संभार कार्यमा ग्रामीण सडक मर्मत-संभार उपभोक्ता समितिलाई आवश्यक प्राविधिक सहयोग प्रदान गर्नेछ ।
४. मर्मत–संभार कार्यको कार्य योजना बनाई काम संचालन गर्न सडक मर्मत–संभार उपभोक्ता समितिलाई सहयोग गर्नेछ ।
५. मर्मत–संभार कार्यको गुणस्तर नियन्त्रण, नाप जाँच तथा मूल्याङ्कन तयार गर्नेछ ।
६. कामको ज्याला भुक्तानीमा सडक मर्मत–संभार उपभोक्ता समितिलाई आवश्यक सहयोग गर्नेछ ।
७. मर्मत–संभार कार्यको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।
८. मर्मत–सभांरको लागि आवश्यक कार्य, सामग्री तथा सेवा खरिद गर्न जि.वि.स.लाई प्राविधिक सहयोग गर्नेछ ।
९. मर्मत–संभार समितिबाट प्राप्त भएका बिल भौचरहरु जाँच गरी स्वीकृतिको लागि जि.वि.स.मा सिफारिस गर्नेछ ।
१०. मर्मत–संभार योजनाको प्रगति प्रतिवेदन तयार गरि सम्बन्धित निकायमा बुझाउनेछ ।
११. सवारी भाडा (यात्रु तथा सरसमान) र सवारी कर निर्धारण गर्न जि.वि.स.लाई आवश्यक प्राविधिक सल्लाह दिनेछ ।
१२. सडकको दीर्घकालीन उपयोग सम्बन्धी कार्यक्रमहरुमा जिल्ला ग्रामीण सडक मर्मत–संभार समितिलाई आवश्यक सहयोग गर्नेछ ।
१३. जिल्ला सडकहरुको मर्मत–संभार योजनाहरु प्राथमिकताको आधारमा आवश्यक मूल्यांकन गरी सिफारिस गर्नेछ ।
१४. समयानुसार निर्माण कार्यको दर/रेट परिमार्जन गर्न सिफारिस गर्नेछ ।
१५. समयानुसार निर्माण कार्यको नर्मस, स्पेशिफिकेशन, स्टाण्डर्ड डिजाईन, मर्मत–संभार निर्देशिका परिमार्जन गर्दै लैजान सम्बन्धित निकायमा रिपोर्टिङ्ग गर्नेछ ।
१६. केन्द्रीय निकाय जस्तैः सडक बोर्ड नेपालबाट श्रोत प्राप्त गर्न निर्धारित ढाँचामा विवरणहरु (जस्तैः ARMP) तयार गर्नेछ ।

# सन्दर्भ सामग्री


- सडक संभार निर्देशिका, सडक विभाग, २०५५
- जिल्ला ग्रामीण सडक मर्मत– संभार राष्ट्रिय योजना, २०५६
- नेपालका ग्रामीण सडकहरु सर्वोत्कृष्ट अभ्यास/विधिहरुको प्रतिवेदन, वैशाख २०५६
- APPROACH for the Development of Agricultural and Rural Roads, स्था.पू.वि. तथा कृ.स.वि., २०५६
- प्राविधिक निर्देशिका, नेपाल सडक बोर्ड, २०६०
- ग्रामीण सडक मर्मत–संभार नीति र कार्यनीति, संखुवासभा, २०६०
- नेपालमा श्रममूलक ग्रामीण सडक निर्माण, ग्रामीण सडक मंच नेपालद्वारा प्रस्तुत संक्षिप्त जानकारी पत्र, फाल्गुण २०६०
- स्थानीय पूर्वाधार विकास नीति, २०६१
- स्थानीय पूर्वाधार विकासको रणनीतिक कार्ययोजना, २०६४
- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४
- उपभोक्ता समूहद्वारा गरिने आवधिक एवम् नियमित मर्मत सम्बन्धी कार्यान्वयन मार्गदर्शन, स्थाा.पू.वि. तथा कृ.स.वि., ग्रामीण पूर्वाधार परियोजना
- National Consultative Workshop on Rural Road Maintenance Manual, मई १६, २००५ को Proceeding .

# संक्षिप्त रुप र आद्याक्षरी शब्दहरू
## (Abbreviations /Acronyms)

| | |
|---|---|
| AADT | Annual Average Daily Traffic (बार्षिक औषत दैनिक सवारी साधन संख्या) |
| IARMP | Integrated Annual Road Maintenance Plan (एकीकृत बार्षिक सडक मर्मत–संभार योजना) |
| ARMP | Annual Road Maintenance Plan (बार्षिक सडक मर्मत-सभांर योजना) |
| CBO (सासं) | Community Based Organisation (सामुदायिक सङ्गठन) |
| CDO (प्रजिअ) | Chief District Officer (प्रमुख जिल्ला अधिकारी) |
| DDC (जिविस) | District Development Committee (जिल्ला विकास समिति) |
| DFID (वेसविस) | Department for International Development (वेलायत सरकार, अन्तर्राष्ट्रिय विकास विभाग) |
| DoLIDAR (स्थापूविकृसवि) | Department of Local Infrastructure Development and Agricultural Roads (स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग) |
| DoR (सवि) | Department of Roads (सडक विभाग) |
| DR (जिस) | District Road (जिल्ला सडक) |
| DRSP (जिससका) | District Roads Support Programme (जिल्ला सडक सहयोग कार्यक्रम) |
| DRRMC (जिग्रासमसंस) | District Rural Road Maintenance Committee (जिल्ला ग्रामीण सडक मर्मत–सभांर समिति) |
| DTMP (जियागुयो) | District Transport Master Plan (जिल्ला यातायात गुरु योजना) |
| FY (आव) | Fiscal Year (आर्थिक वर्ष) |
| GRECO (हसअ) | Green Road Concept (हरित सडक अवधारणा) |
| GTZ (जप्रास) | German Technical Cooperation (जर्मन प्राविधिक सहयोग) |
| INFRIN (आपूका) | Inrastructure for Income (आयको लागि पूर्वाधार कार्यक्रम) |
| INGO (अगैससं) | International Non-Government Organisation (अन्तर्राष्ट्रिय गैर सरकारी संगठन) |
| Km (किमि) | Kilometre (किलो मिटर) |
| LDO (स्थाविअ) | Local Development Officer (स्थानीय विकास अधिकारी) |
| LSGA (स्था.स्वा.शा.ऐ) | Local Self-Governance Act (स्थानीय स्वायत्त शासन ऐन) |
| MoLD (स्थाविमं) | Ministry of Local Development (स्थानीय विकास मन्त्रालय) |
| NFRTD (नेग्रायाविमं) | Nepal Forum for Rural Transport Development (नेपाल ग्रामीण यातायात विकास मंच) |
| NGO (गैससं) | Non-Government Organisation (गैह्र सरकारी संगठन) |
| NPC (रायोआ) | National Planning Commission (राष्ट्रिय योजना आयोग) |
| NRs (नेरु) | Nepali Rupees (नेपाली रुपियाँ) |
| RAP (ग्रापका) | Rural Access Programme (ग्रामीण पहुँच कार्यक्रम) |
| RBN (सबोने) | Roads Board Nepal (सडक बोर्ड नेपाल) |

| | |
|---|---|
| RCIW (ग्रासापूविका) | Rural Community Infrastructure Works (ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम) |
| RMUC (स.म.स.उ.स.) | Road Maintenance Users's Committee (सडक मर्मत–संभार उपभोक्ता समिति) |
| RPN (ग्राकाने) | Rural Programme Nepal (ग्रामीण कार्यक्रम नेपाल) |
| RRF (ग्रासमं) | Rural Roads Forum (ग्रामीण सडक मंच) |
| RRMD (ग्रासमनि) | Rural Road Maintenance Directive (ग्रामीण सडक मर्मत-संभार निर्देशिका) |
| RR (ग्रास) | Rural Road (ग्रामीण सडक) |
| NPRRM (ग्रासमसंरायो) | National Plan for Rural Road Maintenance (जिल्ला ग्रामीण सडक मर्मतसभांर राष्ट्रिय योजना) |
| SDC (विसस्वीनि) | Swiss Agency for Development and Cooperation (विकास एवं सहयोगका लागि स्वीस नियोग) |
| UC (उस) | Users Committee (उपभोक्ता समिति) |
| UG (उस) | Users Group (उपभोक्ता समूह) |
| USAID (असविनि) | US Agency for International Development (अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग) |
| VDC (गाविस) | Village Development Committee (गाउँ विकास समिति) |
| YPO (वाकायो) | Yearly Plan of Operation (वार्षिक कार्य योजना) |